# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## भिमेश्वर नगरपालिका, दोलखा

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(बागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।०४

श्री नगर प्रमुखज्यू
भिमेश्वर नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
दोलखा ।

विषयः- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


ne: 4258174, 426602...

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

२०७८ भाद्र ४ गते

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाण्डौ, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(वागमती तथा गण्डकी प्रदेश लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः२०७८।०७९
च.नं: ९६८

मितिः २०७८।५।०४

श्री नगर प्रमूखज्यू,
भिमेश्वर नगरपालिका,
दोलखा।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको रायः** हामीले भिमेश्वर नगरपालिकाको २०७६।०७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय–व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानूनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ३ करोड ४६ लाख ७८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १४ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १६ लाख ३० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २करोड १५ लाख ४९ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा २०७७।१२।३० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तीम प्रत्तिवेदन पाना (४२) यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएकी छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायीअधिकारीको जिम्मेवारीः** आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । कार्यकारिणी, पालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारीः** वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(इन्द्र प्रसाद आचार्य)
नायब महालेखापरीक्षक


one: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328

**भिमेश्वर नगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६।०७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, १३२.५ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९ हजार ६६७ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** ः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७६।०७७ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ ।

| विवरण | टिप्पणी | प्राप्ति भुक्तानी हिसाब | | | |
|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | |
| | | बजेट | आफैँले गरेको प्राप्ति भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ति (क+ख) | | १,०२५,२६७,०७३.५० | ८१४,२२४,१९१.४८ | - | ८१४,२२४,१९१.४८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७५७,५७९,५००.०० | ५९२,४४९,७३७.०८ | - | ५९२,४४९,७३७.०८ |
| ११००० कर | ११ | १४०,३५३,०००.०० | ९७,१२८,२७५.०८ | - | ९७,१२८,२७५.०८ |
| १३००० अनुदान | | ५१७,०४७,५००.०० | ४७८,६६२,९८२.०० | - | ४७८,६६२,९८२.०० |
| संघीय सरकार | १२ | ४६६,६२२,०००.०० | ४४७,३३५,७२६.०० | - | ४४७,३३५,७२६.०० |
| प्रदेश सरकार | १२ | ४४,३४८,०००.०० | २४,३२०,५८५.०० | - | २४,३२०,५८५.०० |
| जनसहभागिता | | ६,०७७,५००.०० | ७,००६,६७१.०० | - | ७,००६,६७१.०० |
| १४००० अन्य राजस्व | | ४०,१७९,०००.०० | १६,६५८,४८०.०० | - | १६,६५८,४८०.०० |
| ३३००० दायित्व | | ६०,०००,०००.०० | - | - | - |
| ख. अन्य प्राप्ति | | २६७,६८७,५७३.५० | २२१,७७४,४५४.४० | - | २२१,७७४,४५४.४० |
| वितरण गर्न बाँकी राजस्व | | - | - | - | - |
| कोषहरु | | १५०,१९३,५७३.५० | ९९,३३८,६७४.५० | - | ९९,३३८,६७४.५० |
| धरौटी | | - | ६,९४५,७१४.०० | - | ६,९४५,७१४.०० |
| सघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११७,४९४,०००.०० | ११५,४९०,०६५.९० | - | ११५,४९०,०६५.९० |
| भुक्तानी (ग+घ) | | १,१९१,१४६,३४०.५० | ८६३,१९६,०५८.४० | ११०,०००.०० | ८६३,३०६,०५८.४० |
| ग भुक्तानी (संचित कोषबाट) | | ९२३,४५८,७६७.०० | ६६६,५२५,५४८.०० | ११०,०००.०० | ६६६,६३५,५४८.०० |
| २१००० पारिश्रमिक/ सुविधा | १८ | २५०,१९८,०००.०० | २३३,४३२,८२५.०० | - | २३३,४३२,८२५.०० |
| २२००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | ८९,९५९,०००.०० | ७२,६७७,३५६.०० | ११०,०००.०० | ७२,७८७,३५६.०० |
| २४००० ब्याज सेवा शुल्क तथा बैंक किमसन | १८ | ६५,०००.०० | ५१२,०८३.०० | - | ५१२,०८३.०० |
| २६००० अनुदान | १८ | २९,६७२,०००.०० | २९,१३४,७९९.०० | - | २९,१३४,७९९.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ३,३५०,०००.०० | २,९०२,२७४.०० | - | २,९०२,२७४.०० |
| २८००० अन्य खर्च | १८ | १,३००,०००.०० | १,१३५,६९६.०० | - | १,१३५,६९६.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ति/ पूँजीगत खर्च | १८ | ५४६,३२९,७६७.०० | ३२४,९८०,५०८.०० | - | ३२४,९८०,५०८.०० |
| ३३००० दायित्व | १८ | २,०००,०००.०० | १,७५०,००७.०० | - | १,७५०,००७.०० |
| घ. अन्य भुक्तानी | | २६७,६८७,५७३.५० | १९६,६७०,५१०.४० | - | १९६,६७०,५१०.४० |
| कोषहरु | | १५०,१९३,५७३.५० | ८०,१५४,४८१.५० | - | ८०,१५४,४८१.५० |
| धरौटी | | - | १,०२५,९६३.०० | - | १,०२५,९६३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ११७,४९४,०००.०० | ११५,४९०,०६५.९० | - | ११५,४९०,०६५.९० |
| ङ. यो वर्षको बचत (न्यून) | | १६५,८७९,२६७.०० | ४८,९७१,८६६.९२ | ११०,०००.०० | ४९,०८१,८६६.९२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या.) | | - | १७१,५३२,११९.१५ | - | १७१,५३२,११९.१५ |
| वर्षान्तको बाँकी रकम (ङ+च) | | १६५,८७९,२६७.०० | १२२,५६०,२५२.२३ | ११०,०००.०० | १२२,६७०,२५२.२३ |
| **बैंक तथा नगदी बाँकी** | २४ | | १२२,४५०,२५२.२३ | - | १२२,४५०,२५२.२३ |

नगरपालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएको अन्य शिर्षकमा कार्यसंचालन कोष तर्फको गत आ.ब को जिम्मेवारी नसारेको रु९१९२६०१ देखिएको छ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **फिर्ता दाखिला** ः आर्थिक वर्ष २०७६।७७ मा निकासा मध्ये बाँकी रहेका संघिय सशर्त अनुदान तर्फ रु.११३३७२७४ र प्रदेश ससर्त अनुदानको रु.२७४१५ समेत जम्मा रु.११३६४६८९ मिति २०७७।३।३१ मा नेपाल बैंक लि.चरीकोट शाखामा दाखिला भएको छ ।साथै सामाजीक सुरक्षा तर्फको रु.२७६४३६६५ विभिन्न मितिमा नेपाल बैंक लिमिटेड चरीकोट शाखामा फिर्ता दाखिला गरेको छ । | |
| | • **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• प्राप्त वितीय विवरणको अनुसुची २४ मा बैंक कारोवारमा बर्षान्तको बाकी रु. १२००५०२५२।२३ र अनुसुची २४ अनुसारको नगद तथा बैंक बाकी रु.१२२४५०२५२।२३ भई बैंक रु.२४००००० ले बढी देखिएको वितीय विवरणले देखाउदछ । अनुसुची २४ मा देखाएको बैंक तथा नगद बाकी रु.१२२४५०२५२।२३ मध्ये रु.२४००००० बैंक कारोवारमा भिन्नता भन्ने उल्लेख छ ।यस सम्वन्धमा पुष्ट्याई प्रास नभएकोले हिसाव एकिन हुनु प्रर्दछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेतापनि प्रतिवेदन र लेखाङ्कनविच समरुपता देखिदैन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | (सुत्र) को प्रयोग गरेको भएतापनि सवै कारोवार संचितकोषमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br>• पालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा भुक्तानी रु.८६३३०६०५८।४० देखाएको पालिकाबाट खर्च भएको सबै बजेट शिर्षकको आर्थिक विवरण एवं फाँटवारीको जोड जम्मा बाट जम्मा खर्च रु.८६३९५६०५१।४ देखिन्छ । फरक रकम रु.६४९९९३ सम्बन्धमा एकिन हुनुप्रर्दछ ।<br>• पालिकाबाट लेखा परिक्षणको लागी पेश भएको सञ्चितकोषको बैंक नगदी किताबअनुसार आम्दानी रु.७४०८९००७५।२६ देखाएकोमा पालिकाले पेश गरेको वित्तिय विवरण म.ले.प. फा.नं. २७२ मा रु. ८१४२२४१९१।४८ देखिन्छ । वित्तिय प्रतिवेदन र बैंक नगदी किताबबिच रु.७३३३४११६।२२ फरक देखिएको छ ।<br>• पालिकाको सञ्चितकोषको बैंक नगदी किताब अनुसार रु.८७५२१६९१०।१४ खर्च देखिएकोमा वित्तिय प्रतिवेदनमा रु.८६३३०६०५८।४० देखिन्छ । बैंक नगदी किताब र वित्तिय प्रतिवेदन बिच रु.११९१०८५१।७४ ले फरक देखिएको छ । यससम्बन्धमा एकिन गर्नुपर्दछ ।<br>• **वितिय ब्यवस्थाः** नगरपालिकाले नगर विकाषकोष नयाँबानेश्वर काठमाण्डौबाट गत विगतमा लिएको ऋणमध्ये यस वर्षको शुरुमा रु.८८८९३२०।१५ भुक्तानी बाँकी देखिएकोमा यस वर्ष रु.१७५०००७ साँवा र रु.५१२०८३ ब्याज भुक्तानी गरेको देखिन्छ । भुक्तानी पछिको बाँकी ऋण रु.७१३९३१३।१७ देखीएको छ । उक्त ऋण रकम सातदोवाटो पसल कबल निर्मणि आयोजनाको लागि लिएकोमा उक्त पसल कबल निर्माणाधिन अवस्थामा रहेको पालिकाको अभिलेखबाट देखिन्छ ।<br>लेखापरीक्षणका क्रममा बितिय प्रतिवेदन एवं आर्थिक विवरण फरक परेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.१८०७२४७२०।१५ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा सुत्रमा रु.१७१५३२११९।१५ र संचितकोष बैकनगदी कताब पालिकाको अभिलेख मा रु.१८०७२४७२०।१५ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९१९२६०१ घटी जिम्मेवारी सरेको सम्बन्धमा सुत्रमा गत आ.ब को जिम्मेवारी सार्न नसकि सुत्रमा कार्यसञ्चालन कोषको समावेश नभएकोले कार्यसचालन कोषको जिम्मेवारीमा छुट रकम फरक परेको देखिन्छ । | |
| ३. | **बैक हिसाब**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैक बढी रु.१९७८०४३९।३१ को सम्वन्धमा मासिक रुपमा समेत बैक हिसाव मिलान गर्नुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | पूजिगत खर्च खाता | १७५०००७ | ६०५३१५०१।७५ | |
| २ | वितिय व्यवस्था खर्च खाता | (१७५०००७) | ०० | |
| ३ | विविध खर्च खाता | २०८०० | ०० | |
| ४ | विविध खर्च खाता | २५७६३२८ | ३६०७६५१।५०० | |
| ५ | विविध खर्च खाता | १९७९५४१ | ०० | |
| ६ | धरौटी खाता | १३५९४७२१।४० | १२८२७९३८।४० | |
| ७ | संचित कोष खाता | ८७२७१३३७।८३ | ३१४३९७९।३९ | |
| ८ | विविध कोष खाता | ३७११६ | ०० | |
| ९ | विविध कोष खाता | १३१७३१८७ | १५९६३५६८ | |
| १० | विविध कोष खाता | ५००००० | ०० | |
| ११ | विविध कोष खाता | २५०००० | ०० | |
| १२ | प्रकोप व्यवस्थापन कोष खाता | ६४७२२१ | ९५०८१४ | |
| १३ | आन्तरीक आम्दानी | ०० | ३५४२४२१।९९ | |
| १४ | चालु खर्च खाता | ०० | ३९२६२८१६।५१ | |
| | जम्मा | १२००५०२५२।२३ | १३९८३०६९१।५४ | १९७८०४३९।३१ |

उल्लेख खाताहरु मध्ये बैक घटी मौज्दात भएका खाताहरुको समेत खातागत रुपमा बैक हिसाव मिलान विवरण मलेप फारम नं २१२ तयार गरी पेश गरेको छ ।

४. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् मिति २०७७।४।२० मा ट्रान्सफर गरेको पाइयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १२ र प्रशासनिकतर्फ ४९ समेत ६१ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः १२ र ४३ समेत ५५ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी पालिका अन्तर्गतको वर्षभरीमा रु.३१८२७९७४ खर्च लेखेको पाईयो ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• भ्रमणमा खटिने कर्मचारीहरुवाट भ्रमण प्रतिवेदन लिने नगरेको र भ्रमण अभिलेख खाता नराखेको ।<br>• यातायात खर्च भुत्तानी गर्दा स्पष्ट मापदण्ड र दररेट निर्धारण नगरेको ।<br>• संचालित सवै कार्यत्रमहरुको नियमित अनुगमन सोको नियमीत प्रतिवेदन गर्ने गरेको छैन<br>• रु.२० हजार भन्दा माथिको कारोवार अनिवार्य रुपमा मु.अ.करमा दर्तावालासँग खरिद गर्नुपर्नेमा पान विलमा कारोवार गरेको ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेका एवंम निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानिय सरकार संचालन एन २०७४ को दफा ९७ वमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• योजना कार्यान्वयनको कार्यतालिका नबनाएको ।<br>• कार्यक्रम संचालनको लागि पेश्की लिदा कतिपयमा लागत अनुमान तयार नगरेको ।<br>• उपभोक्ता समितिको भुक्तानी मध्ये डोरहाजिरीमा १ प्रतिशत कर कट्टी नगरेको ।<br>• नगरपालिकाले यस बर्ष बार्षिक खरिद योजनामा ५४८ वटा खरीद सम्वन्धी विवरण तयार गरेतापनि खरीद योजना बमोजिम गरेको पाइएन।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५. | **सेवा प्रवाह** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.ब. ०७६।७७ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ । | |

| सि न | विवरण | विवरण सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|
| १ | नागरिकता सिफारिस | ४४८ |
| २ | जन्म/मृत्यु दर्ता | ७०३ |
| ३ | घरबाटो सिफारीस | ४३७ |
| ४ | नाता प्रमाणीत | ५३० |
| ५ | नक्सा पास | निवेदन ९८१ सम्पन्न २२८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री कमला बस्नेत ले २०७६।३।१० गते रु.८१ करोड १९ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **योजना र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विभिन्न ५६५ योजनाका आर्थिक सामाजिक र पूर्वाधार क्षेत्रमा रु.७८ करोड ७४ लाख ९८ हजार बजेट व्यवस्थापन गरेकोमा रु. ५४ करोड ९६ लाख ५० हजार खर्च भएको पाइयो । यस वर्ष सञ्चालित कुल योजनाहरू मध्ये १ लाख भन्दा कममा १५८ योजना १—५ लाख सम्मका २७० योजना, ५—१० लाख सम्मका ७९ योजना र १० लाख भन्दा माथी ६० योजना सञ्चालन भएकोमा उपभोत्ता समितिवाट ५५३ र ठेक्कावाट १२ योजना संचालन गरेको पाइयो । नगरपालिकाले उपभोक्ता मार्फत संचालित ५५३ योजनामा रु.२३२८६०९५१ खर्च लेखेको विवरणबाट देखिन्छ । पालिकाले, मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण नगरेको र अधिकांश कच्ची वाटोमा रकम खर्च गरेको देखिन्छ । तसर्न्थ पालिकाले मध्यम तथा दिर्घकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त गर्ने गरी योजना सञ्चालन हुनु पर्दछ । | |
| ८. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.३ करोड ५७ लाख २९ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । (रु.हजारमा) | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| क.स. | अवण्डा शिर्षक | रकम | अवण्डा वाट खर्च भएको कार्यक्रम |
|---|---|---|---|
| १ | वातावरण मैत्री कार्यक्रम | १००० | नखुलेको |
| २ | जनतासँग मेयर कार्यक्रम | ८७२९ | करीब ५०/६० वटा कार्यक्रममा रु.८७२९ |
| ३ | पर्यटन पूर्वाधार बिकास | ५००० | नखुलेको |
| ४ | महिलासँग उपमेयर कार्यक्रम | ३००० | करीब ३०/४० वटा कार्यक्रममा रु.३००० |
| ५ | संस्कृत सम्पदा कार्यक्रम | ६००० | नखुलेको |
| ६ | शहरी विकास निर्माण लागत साझेदारी | १२००० | विभिन्न १७ कार्यक्रममा रु.५० लाख |
| | जम्मा | ३५७२९ | |

९. **कार्यक्रम परिवर्तन** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सिमा र शिर्षक वाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरित वडा कार्यालयहरूको सिफारीसमा नगरकार्यपालिकाले निम्नानुसार कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो ।केही उदाहरणहरु:

| सि.न | मैजुदा कार्यक्रम | रकम | परिवत्तित कार्यक्रम | रकम | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | लागत सहभागिता | ९० लाख | विभिन्न १७ कार्यक्रम | ९० लाख | ०७६।११।१३ |
| २ | नगर बस संचालन | ४० लाख | विपद व्यस्थापन | ४० लाख | |
| ३ | सिचाइ कार्यक्रम २ र सिलाई कटाई तालिम | १० लाख ७० हजार | वडा न ८ सडक निर्माण | १० लाख ७० हजार | ०७७।१।७ |
| ४ | पिप्ले ज्यामिरे सडक | ५ लाख | विभिन्न २ मार्ग निर्माण | ५ लाख | ०७७।१।७ |
| ५ | मानव संशाधन विकास | २ लाख | खानेपानी मुहान संरक्षण | २ लाख | ०७७।१।७ |
| ६ | विभिन्न २० कार्यक्रम | ६० लाख २० हजार | विभिन्न २७ कार्यक्रम | ६० लाख २० हजार | ०७७।२।८ |
| ७ | जनतासँग मेयर कार्यक्रम | १९ लाख ५० हजार | विभिन्न १० कार्यक्रम | १९ लाख ५० हजार | ०७७।२।८ |
| ८ | विभिन्न ३२ योजना | २७६९५ हजार | विभिन्न १९ योजना | २७६९५ हजार | ०७७।३।८ |

१०. **प्रगति विवरण नभएको** ः स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्वन्धी व्यवस्था छ । पालिकाले यस बर्ष उपभोक्ता समितिवाट सञ्चालीत ५५३ योजनाहरु समेत कुल ५६५ योजना सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरुको प्रगति विवरण पेश हुन आएन । सञ्चालीत योजनाहरुको कार्यसम्पन्न अवस्था, वितिय एवं भौतिक प्रगति स्थीति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अत ः स्वीकृत कार्यक्रम बमोजीम कार्य सञ्चालन र सञ्चालीत कार्यको प्रगति विवरण तयार हुनुपर्दछ ।

११. **सञ्चालन नभएका कार्यत्रमहरु**: नगरपालिकावाट संचालननभएका कार्यक्रमहरु निम्नानुसार देखिएको छ । नगरपालिकाले प्राप्त कार्यक्रमहरु संचालन गरी वजेट उपयोग क्षमता बढाउनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| सि. न. | बजेट/उपशिर्षक | बजेट (रु.हजारमा) | कार्यत्रम खर्च |
|---|---|---|---|
| १ | राष्ट्रिय महिला उत्थान कार्यत्रम | १० | ०० |
| २ | समाज कल्याण कार्यक्रम | १०० | ०० |
| ३ | स्वा.से. विभग | २२ | ०० |
| | जम्मा | १३२ | |

१२. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | |
| १ | पूजिगत तर्फ | ३२४९८० | १४८८० | ६१६५६ | २४८४४३ | १६१५३२ |
| | खर्च प्रतिशत | १०० | ४.५७ | १८.९७ | ७६.४४ | ४९.७० |

१३. **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ६३९७१५०० | ३०१२६११४ | ४.५१ |
| सामाजिक क्षेत्र | ३२७१२०००० | २९१२५३०२३ | ४३.६८ |
| पूर्वाधार विकास क्षेत्र | ३९२४०७२६७ | २२८२७०८३१ | ३४.२४ |
| सुशासन तथा अन्तरसम्वन्धीत क्षेत्र | १४४४३००० | १०४६००८४ | १.५६ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १२१५१७००० | १०६५२४४९६ | १५.९७ |
| जम्मा | ९२३४५८७६७ | ६६६६३५५४८ | १०० |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छ:

१३.१. **खर्च बिश्लेषण**: पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१९९९०६२२ राजस्व बाँडफाँड र अनुदानबाट रु.५६५४५२४४३ समेत रु.८१४२२४१९१ आम्दानी भएकोमा चालु तर्फ रु. ५३६५७५५४३ र पूँजिगत तर्फ रु.३२४९८०५०८. र बित्तिय ब्यबस्था तर्फ रु.१७५०००७ समेत रु.८६३३०६०५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.३२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७११९००० खर्च भएको छ जुन आन्तरिक आयको ३५.६१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९४.८९ प्रतिशत चालु र ५७.४७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३.२. | लेखापरिक्षण लाई प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरीक आम्दानी रु.१९९९०६२२ रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.१०६५२४४९६ रहेको छ । आन्तरीक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ५.३२ गुणाबढी रहेको छ । पालीकाले आन्तरीक आम्दानीस् थप स्रोतहरु बढाउन पहल गर्नुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १४. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ७ पदमा ३५ जना कर्मचारीहरु करारमा राखी रु.११३१५७२० खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले राजपत्रमा प्रकाशित गरी माथि उल्लेखित पद वाहेकको सुचना तथा प्रविधि अधिकृत १, इन्जिनियर १, सामाजिक परिचालक४, सव इन्जिनियर १, सहायक कम्प्युटर अपरेटर १, र अमिन १ समेतको विभिन्न ६ पदमा ९ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३२६७०३० भुक्तानी गरेको देखिन्छ । | |
| १५. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ४० लाख ट्रान्सफर गरेको छ ।गत आ.ब. को रु.९२७३१८७ मा यस बर्षको ट्रान्सफर समेत रु.१३२७३१८७ रहेकोमा रु. १ लाख खर्च भई रु.१३१७३१८७ बाकी देखिन्छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने देखिदैन । | |
| १५.१. | ३।०७६।१०।१ नगरपालिकाले प्रशासकिय अधिकृत श्री माधव प्रसाद सुवेदीलाई कार्यपालिकाको निर्णयअनुसार उपचार वापत रु६०००० भुक्तानी गरेको छ । निजामती सेवा नियमावलीको नियम ९६ बमोजिम भुक्तानी गरेको औषाधी उपचार खर्चको अंगभंग भएको परस्थिति नमिलेको र उपचार खर्च भुक्तानी गरेको रकमको अभिलेख संलग्न गरेको पाइएन । उपाचार खर्च वापतको भुक्तानीको अभिलेख नराख्दा आगामी दिनमा दोहोरो पर्नजाने संभावना देखिन जान्छ । अतः उपचार खर्चको अभलेख राख्नुप्रर्दछ । | |
| | • **कानून निर्माण एवं कार्यान्वयन** | |
| १६. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, ७ कार्यविधि लगायत ३१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | १६ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १७. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २३ प्रकारका उजुरीहरु मध्ये गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २३ र यो बर्ष थप भएको ७४ गरी कुल ९७ विवाद दर्ता भएकोमा ५१ वटा मात्र फछ्र्यौट भई ४६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १८. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आलेप शाखा गठन गरी १ अलेप अधिकृत वाट लेखापरिक्षण भएकोमा आन्तरीक लेखापरीक्षण प्रभावकारीता अभिबृद्धि गर्नुपर्दछ । | |
| | • **पदाधिकारी सुविधा** | |
| १९. | **पदाधिकारी सुविधा** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएको सुविधा पाउने ब्यवस्था छ। पालिकाले संचारमा रु.६७९५०० खाजामा रु.७८७५००, पुस्तक, पत्रपत्रिका, इन्टरनेटमा रु.४६८००० खानेपानी तथा बिजुलीमा रु.४०५०००, सरसफाई तथा मर्मतमा रु.२०७०००, डिजेल पेट्रोलमा रु.१०३९५००, अतिथि सत्कारमा रु.१२२४००० गरी जम्मा रु.७२३१६३५ खर्च गरेको देखिन्छ । | |
| २०. | **निष्कृय पदाधिकारीको सुविधाः** ६५६।०७७।३।३१ नगर सभा सदस्य श्री वृन्दा रिजाललाई एक बर्षको पारीश्रमिम रु.१०८००० आर्थिक बर्षको अन्त्यमा एकमुष्ठ रुपमा भुक्तानी गरेको पाइयो । नगर पालिकामा निज सदस्य सभा एवं वैठकमा उपस्थिति नभएको कारण जनाई सुविधा रोक्का राखेको र पुन एकमुष्ठ भुक्तानी गरेको । सभा एवं वैठकमा बर्षभरीमा पनि उपस्थित नहुने सदस्यहरुलाई सुविधा दिने तथा नदिने सम्वन्धमा कानुनी ब्यवस्था स्पस्ट भएको पाइएन । अतः निर्वाचित पदाधिकारीहरु आफ्नो काम कर्तब्य र अधिकारमा सक्रिय हुनुपर्दछ । | |
| २१. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.२७००००० र अन्य खर्च रु११३५६९६ गरी कुल ३८३५६९६ खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २२. | **सामाजिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पालिकाले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु.१४०७२७४ सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| २३. | **अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुर क वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा औद्योगिक ग्राम अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन ।औद्योगिक ग्रामको लागि रु ९२ लाख प्राप्त भएकोमा रु.४३८५८३० खर्च भएको र रु.४८१४१७० खर्च नभई बाँकी रहेको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु. | ४८१४१७० |
| २४. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार रु ६४६१००० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| खर्च शिर्षक | कार्यक्रम | लाभग्राही संख्या | अनुदान रकम |
|---|---|---|---|
| संघिय शशर्त | साना सिचाई कार्यक्रम | विभिन्न ६ वटा सहकारी संस्था | ५०१००० |
| भिमेश्वर न.पा | कृर्षी औजार वितरण | विभिन्न १८ वटा सहकारी संस्था | ६१०००० |
| संघीय शशर्त | भकारो सुधार कार्यक्रम | विभिन्न ३ वटा सहकारी संस्था | ३००००० |
| पशुसेवा कार्यक्रम | कुखुराको चल्ला वितरण | ९२ | ५००००० |
| पशुसेवा कार्यक्रम | बोयर बोका वितरण | ३ | १५०००० |
| पशुसेवा कार्यक्रम | भैसिपालन कार्यक्रम | १३ (४० हजारका दर) | ६००००० |
| पशुसेवा कार्यक्रम | बाखापालन कार्यक्रम | १९ (२० हजारको दर) | |
| पशुसेवा कार्यक्रम | बाखा खरिद कार्यक्रम | ९ जना | ५०००० |
| पशुसेवा कार्यक्रम | वोयर बोका वितरण | १०जना | ५००००० |
| पशुसेवा कार्यक्रम | भैसी खरीद | २३ जना | ७००००० |
| पशुसेवा कार्यक्रम | गाई खरिद | ७ जना | |
| संघिय सरकार हस्तान्तरीत चालु | सुस्पा देउराली अर्गानिक रिसोर्ट | रिसोर्ट सन्चालन | ५००००० |
| | विरेन्द्र प्रावि वडा ७ | शौचालय निर्माण | ७००००० |
| | जम्मा | | ६४६१०० |

| | | |
|---|---|---|
| २५. | **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दैं संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका ४ नाफामूलक संस्थाको कार्यालय व्यवस्थापन खर्चमा लागि रु.८४९१५० अनुदान उपलब्ध गराएको छ ।तर त्यसबाट उपरोक्त बमोजिम सेबा प्रबाह हुने सुनिश्चित छैन । | |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | परोपकार महिला बचत तथा ऋण सहकारी संस्था | १५ तालिम | ५०००० |
| २ | सहकारी भवन निर्माण डाँडा गाँउ | भवन निर्माण | ५००००० |
| ३ | मनिटार कृषक समुह | भकारो सुधार | ११९१५० |
| ४ | श्रीवेणी दुग्ध उत्पादक सहकारी संस्था | भकारो सुधार | १८०००० |
| | जम्मा | | ८४९१५० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २६. | **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च** - पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जचना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने वितरणमुखी किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु. ५०६५८९८ भुक्तानी दिएको देखिन्छ । | |

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १. | सुरज तामाङ | अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी | २०००० |
| २. | १२ जना स्वास्थ्य कर्मि | तलब भत्ता | १६८००० |
| ३. | महिला भलिवल टोलि | खेलकुद समाग्री तथा खाना खाजा | ३४५०० |
| ४. | दोलखा डान्स क्रु | | २५००० |
| ५. | नेपाल बुद्धिचाल संघ | सहयोग | ५०००० |
| ६. | १५ स्वास्थ्यकर्मी तलब भत्ता | तलब भत्ता | २०९००० |
| ७. | १४ जना स्वास्थ्यकर्मी | तलब भत्ता | १९५००० |
| ८. | १४ जना स्वास्थ्यकर्मी | तलब भत्ता | १९५००० |
| ९. | रेडक्रस सोसाइटी दोलखा | सहयोग | ४५००० |
| १०. | माघको तलब खर्च भुक्तानी | | १९५००० |
| ११. | ३० जना स्वास्थ्यकर्मि | तलब भत्ता | ४२००० |
| १२. | १८ जना स्वास्थ्यकर्मी | तलब भत्ता | २९१००० |
| १३. | रञ्जिता के सि | माघ र फागुनको तलब | २८००० |
| १४. | क्रिकेट संघ दोलखा | सहयोग | ३०००० |
| १५. | १६ जना स्वास्थ्यकर्मि | तलब भत्ता | २२४००० |
| १६. | १६ जना स्वास्थ्यकर्मी | तलब भत्ता | २२४००० |
| १७. | बैशाखको तलब खर्च | तलब भत्ता भुक्तानी | २२४००० |
| १८. | जेठको तलब खर्च | तलब भत्ता | २१०००० |
| १९. | नेपाल भलिवल संघ | सहयोग भुक्तानी | १५००० |
| २०. | नेपाल रेडक्रस सोसाईटी दोलखा | सहयोग | ७५००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| २१. | वडानं १ युवा क्लव | खेलकुद सहयोग | २०००० |
| २२. | थामी संस्कृत अध्ययन समिति | भुक्तानी | ३०००० |
| २३. | लालिगुरास युवा क्लव | खर्च भुक्तानी | ७५००० |
| २४. | होटल देउरालि | खर्च भुक्तानी | २५०६३ |
| २५. | आषाढको तलब खर्च | तलब भत्ता | ३६०००० |
| २६. | लिला तामाङ्ग | खेलकुद सहयोग | ७३५० |
| २७. | आदिवासी जनजाति पत्रकार महासंघ दोलखा | सहयोग | १५००० |
| २८. | १५ जना स्वास्थ्यकर्मि | तलब भत्ता | ४०२००० |
| २९. | मेनुका सुवेदि | तिज गित बिशेषा कार्यक्रम | ५०००० |
| ३०. | तिज गित बिशेषा कार्यक्रम | सहयोग | २०००० |
| ३१. | मंगला तामाङ्ग कार्यक्रम खर्च | गित तथा बक्तित्वकला कार्यक्रम | १२५३८५ |
| ३२. | उमेश भुजेल | शुभकामना आदान प्रदान कार्यक्रम | ५००० |
| ३३. | भलिवल खेलाडी | गेम सेट वितरण | १६६०० |
| ३४. | नेपाल बुद्धिचाल संघ दोलखा | आर्थिक सहयोग | ३०००० |
| ३५. | ४५ जना बालविकास सहयोगि | पारीश्रमिक | ४०५००० |
| ३६. | राजेश तामाङ | रोयल मकैवारी फुटसल प्रतियोगिता | १००००० |
| ३७. | ४५ जना वालविकास सहयोगि | पारीश्रमीक भुक्तानी | १८०००० |
| ३८. | भिमेश्वर बहिरा मावि | घर भाडा भुक्तानी | १००००० |
| ३९. | रिवाज मिडिया कम्पनी | जात्रा पर्व श्रव्य दृश्य तयार | ३००००० |
| ४०. | ऐतिहासिक जात्र पर्व | खर्च भुक्तानी | ३००००० |
| | जम्मा | | ५०६५८९८ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२७. **अनुत्पादक खर्च** - सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.५१२८१५ खर्च गरेको देखिन्छ । केहि उदाहरणहरुः

| सि.नं. | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | नेपाल स्वयंमसेवी रक्तदाता समाज | अनुदान | ८००० |
| २ | गैराश्चारा समाज सेवा समिति | खानेपानी महशुल | ८४९५ |
| ३ | राष्टपति रनिङ्गशिल्ड प्रतियोगिता | खेलकुद | १००००० |
| ४ | नमुना युवा संसद अभ्यास | कार्यक्रम | १२५००० |
| ५ | अभयपुरी टोल सुधार तथा सरसफाई | जनचेतना तथा सरसफाई कार्यक्रम | ५०००० |
| ६ | उद्योग बाणीज्य संघ भवन | मर्मत | १००००० |
| | **जम्मा** | | ५१२८१५ |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

२८. **महोत्सव खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर नगरपालिकाले यस वर्ष किवि महोत्सव उत्सव प्रकृतिका कार्यमा रु.१० लाख २३ हजार खर्च गरेको छ ।

- कर दस्तुर एवं आन्तरिक आय

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २९. | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | ६४००००० | ४०८४४०८ | ६३.८१ |
| घर वहाल कर | ३०००००० | २७४६८३३ | ९१.५६ |
| व्यवसाय कर | २५००००० | १५७९५३० | ६३.१८ |
| अखेटोपहारमा लाग्ने कर | ५०००० | ०० | ०० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्रको करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले ३६ व्यवसाय दर्ता तथा २५१ नवीकरण शुल्क वापत रु.१५७९५३० कर संकलन गरेको छ । पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरभित्र ल्याउनु पर्दछ । | |
| ३१. | **आन्तरिक आय**: आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ अनुसार आम्दानी खर्च पुष्टि हुने गरि प्रमाण राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले योवर्ष आन्तरिक आम्दानी रु.१९९९०६२२।१८ गरेको बिवरण प्राप्त भएको छ । नगरपालिका कार्यालय र ९ वटा वडा कार्यालयहरुले पालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरु र बाकी रहेका रसिदहरुको अभिलेख अद्यावधिक गरेको छैन । तोकिएका म.ले.प.फारम नं. १०८, १०८(क) र (ख), १०९ र २३ लगायत अभिलेखहरु व्यवस्थित राखेको नदेखिदा पालिका र वडा कार्यालयहरुबाट भएको आम्दानी यकिन गर्न सकिएन । | |
| ३२. | **वडागत आम्दानी**: लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार नगरपालिकाको वडागत आम्दानी गएको रसिद संख्या फिर्ता अएको एवं बैंक दाखिला भएको निम्नानुसार पाइयो । | |

| बुझिलिएको ठेली (र.न.) | | बुझिलिनेको नाम | बुझिलिएको मध्ये | नगदी रसिद आम्दानी | मालपोत रसिद आम्दानी | जम्मा रकम | बैंक दाखिला | बैंक दाखिला मिति | बुझेको ठेली मध्ये प्रयोग नभई फिर्ता गरेको र.न . |
|---|---|---|---|---|---|---|---|---|---|
| नगदी | मालपोत | वडासचिब | फिर्ता आएको ठेली | | | | | | |
| ६३७५-७००० | १२०५९-१२५००,<br>१७५०१-१८०००<br>(३ ठेली ) | गणेश बहादुर खड्का | ६३७५-७०००<br>१२०५९-१२५००<br>१७५०१-१८००० | २१२९२६ | २६४०८५ | ४७७०११ | ४७७०११ | दैनिक /साप्ताहिक तथा मासिक रुपमा | ६८१५-७०००<br>१७८०२-१८००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | | | बेरुजू रकम | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ३४२२-४०००<br>१४००१-१५०००<br>१७००१-१८००० | १४००१-१४५००<br>१७४६०-१७५००<br>११००१-११५००<br>(६ ठेली ) | बिना श्रेष्ठ र<br>पार्वती श्रेष्ठ | ३४२२-४०००<br>१४००१-१५०००<br>१७००१-१८०००<br>१४००१-१४५००<br>१७४६०-१७५००<br>११००१-११५०० | २९०२९७ | ४२०३४५ | ७१०६४२ | ७१०८१२ | दैनिक रुपमा | १७०७८-<br>१८०००<br>१११७६-<br>११५००<br>१४००१-<br>१४५०० |
| | १४१७३-१५०००<br>१५००१-१६००० | १५५०१-१६०००<br>१३०७५-१३५००<br>१९५०१-२००००<br>११५०१-१२०००<br>(६ ठेली ) | लिला बहादुर<br>तामांग | १४१७३-१५०००<br>१५००१-१६०००<br>१५५०१-१६०००<br>१३०७५-१३५००<br>१९५०१-२००००<br>११५०१-१२००० | ४३९९८५ | ११७००४० | १६१००२<br>५ | १६१०१०<br>० | दैनिक रुपमा | १५१६१-<br>१६०००<br>११५९९-<br>१२००० |
| | ४२४९-५००० | १५६४८-१६०००<br>१६५०१-१७०००<br>(३ ठेली ) | सरोज कुमार<br>श्रेष्ठ | ४२४९-५०००<br>१५६४८-१६०००<br>१६५०१-१७००० | १९२५२६ | १२०५४२ | ३१३०६८ | ३१३०६८ | दैनिक<br>/साप्ताहिक<br>तथा<br>मासिक<br>रुपमा | ४६९६-५०००<br>१६६५६-<br>१७००० |
| | ७५०१-८०००<br>००१-५०० | १५००१-१५५००<br>१७८५०-१८०००<br>(४ ठेली ) | भिम बहादुर<br>बस्नेत | ७५०१-८०००<br>००१-५००<br>१५००१-१५५००<br>१७८५०-१८००० | २५२५३४ | ३४५३६० | ५९७८९४ | ५९७८९४ | दैनिक<br>/साप्ताहिक<br>तथा<br>मासिक<br>रुपमा | ५०-५००<br>१७२०४-<br>१७५०० |
| | २७८७-३०००<br>१६००१-१७००० | १०२१०-११०००<br>१९००१ -१९५००<br>(४ ठेली ) | शान्ति नेपाल<br>,राजु श्रेष्ठ<br>नबिन लामा | २७८७-३०००<br>१६००१-१७०००<br>१०२१०-११०००<br>१९००१ -१९५०० | ४६२२६२ | ९५४५८९ | १४१६८५<br>१ | १४१६८५<br>१ | दैनिक<br>/साप्ताहिक<br>तथा<br>मासिक<br>रुपमा | १६१५२-<br>१७०००<br>११७९६-<br>१२००० |
| | ५४०७-६००० | १४५०१-१५०००<br>१८९२७-१९०००<br>(३ ठेली ) | ऋषि प्रसाद<br>दाहाल | ५४०७-६०००<br>१४५०१-१५०००<br>१८९२७-१९००० | २६९३८० | ३३०९५५ | ६००३३५ | ६००३३५ | दैनिक<br>/साप्ताहिक<br>तथा<br>मासिक<br>रुपमा | ५९४२-६०००<br>२३५१९-<br>२४००० |
| | ८४२८-९०००<br>१३००१-१४००० | १०५८८-११०००<br>१६१००-१६५००<br>(४ ठेली ) | मधुसुदन<br>आचार्य र<br>सुबास श्रेष्ठ | ८४२८-९०००<br>१३००१-१४०००<br>१०५८८-११०००<br>१६१००-१६५०० | २८७३५० | २०४०८० | ४९१४३० | ४९१४३० | मासिक<br>रुपमा | ८९४८-९०००<br>१६२०५-<br>१७००० |
| | १९९२८-२००००<br>१२५०१-१३०००<br>५०१-७५० | १२८७७-१३०००<br>२३५०१-२३५००<br>(५ ठेली ) | शान्ति बहादुर<br>केसी<br>प्रेम बहादुर<br>कार्की | १९९२८-२००००<br>१२५०१-१३०००<br>५०१-७५०<br>१२८७७-१३०००<br>२३५०१-२३५०० | २५८४०५ | २७४४१२ | ५३२८१७ | ५३२८१७ | मासिक<br>रुपमा | १२८२०-<br>१३०००<br>२३०१९-<br>२३५०० |
| | १३१०६-१४०००<br>११००१-१२०००<br>१०००१-११००० | (३ ठेली ) | | १३१०६-१४०००<br>११००१-१२०००<br>१०००१-११००० | १३२३८७<br>५६ | | १३२३८७<br>५६ | १३२३८७<br>५६ | दैनिक रुपमा | १०६६६-<br>११००० |
| | | | | | १५९०४४<br>२१ | ३८२०३२३ | १९९८८८ | १९७२४७<br>४४ | | |

१. आर्थिक बर्ष समाप्त भएपछि उक्त रसिद फिर्ता नगरी निरन्तर रुपमा ९ वटा वडावाट २० ठेली सोही रसिद प्रयोग गरीरहेको अवस्था देखियो के कति रसिद खर्च भयो एवं सो वापतको आम्दानी के कति भयो एकिन गर्न सकिएन ।

२. रसिदवाट प्राप्त आम्दानी भन्दा बैक दाखिला बढी देखिएको वडा नं. १, २ र ६ सम्वन्धमा एकिन हुन सकिएन ।

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ३. आन्तरीक आयमा प्रयोग हुने रसिदहरु छपाई आम्दानी बाकी गत आ ब को पुन प्रयोग एवं रसिद फिर्ता सम्वन्धमा अद्यावधिक अभिलेख राख्नुपर्दछ ।<br>४. वडा नं. १, २, ३, ४, ६, ७ र ९ को मासिक आम्दानी गरेको रकम सोही महिनामा दाखिला नगरी अर्को महिनामा समेत घटी एवं बढी गरी बैंक दाखिला गरेको देखिन्छ । राजस्व आम्दानी रकम नियमानुसार तोकिएको समयमानै बैंक दाखिला हुनुप्रर्दछ ।<br>५. वडा नं. २ को कुल आम्दानी रु.७१०६४२ रहेकोमा रु.७१०३०२ मात्र बैंक दाखिला भएकोले नपुग रु.३४० सम्वन्धीतवाट असुल गरी पालिकाको संचितकोष खातामा दाखिला हुनुपर्दछ ।<br>६. आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । बैंक भौचरका आधारमा मासिक रुपमा अम्दानी बाधेको र सो आम्दानी अभिलेख ब्यवस्थितगरी समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ । | |
| | **आय ठेक्का ब्यवस्थापनः** | |
| ३३. | **मागेखोला बगर क्षेत्रः** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २घ मा भएको ब्यवस्था अनुसार आ ब ०७६।७७ का लागि मागेखोला बगर क्षेत्रकावाट ढुङ्गागिटी वालुवा ग्राभेल संकलन तथा उत्खनन कार्यको लागि मिति ०७६।४।२२ मा न्युनतम अंक रु२६३०००० मा सुचना प्रकाशन गरी ०७६।७७ जेठ मसान्तसम्मको लागि विभिन्न ७ वोलपत्रदातामध्ये सवैभन्दा उच्च रकम कवोल गर्ने श्री सन्तोष ट्रेड प्रा लि दोलखाको कबोल अक रु ४१ लाख मिति ०७६।७।६ मा फारम भरि कबुलियत गरेको पाइयो । यस सम्वन्धी देखिएका ब्योहोराहरु निम्नानुसार छन ।<br>१. **मु.अ.करः** स्थानिय सरकार संचालन एन २०७४ को परिच्छेद ९ वितिय क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र ठेक्का वापतको रकम असुली गर्नुपर्ने व्यवस्था छ । साथै सम्झौताको बुदा नं १ मा नियमानुसार मु.अ. कर थप गरि उठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले पट्टाको कबुलियत बमोजिम ठेक्का वापत बुझाउनुपर्ने रु.४१००००० को १३ प्रतिशतले हुने मु.अ. कर रु.५३३००० असुल तथा दाखिला गरेको पाइएन । अतः मु.अ. कर बापतको रकम रु.५३३००० असुल गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..<br>२. कबुलियत सम्झौताको बुदा नं १० मा कर शुल्क असुल गरेको विजक र ढुङ्गा गिटी ग्राभेल तथा वालुवा संकलन तथा उत्खनन परिमाणको वितरण प्रत्येक महिनामा पालिकामा अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख भएको छ । सम्झौताअनुसार बोलपत्रदाताको उत्खनन परिमाण र असुल गरेको विजक पेश गरेको पाइएन । सम्झौताको पालना हुनुपर्दछ ।<br>३. सम्झौताको बुदा नं १७ मा ढुङ्गा गिटी वालुवा रोडा र ग्राभेल संकलन तथा उत्खनन गर्दा हेभि मेशिन प्रयोग गर्नुपर्ने भएमा नगरपालिकावाट अनुमति लिई हेभि मेशिनको प्रयोग गर्न पाउने उल्लेख छ । तर वोलपत्रदाताले हेभि मेशिन डोजर प्रयोग गरि तामाकोशी नदिवाट नदिजन्य सामाग्री निकाल्दै गरेको मिति २०७६।११।६ को कान्तीपुर राष्टिय दैनिक पत्रिकावाट देखिएको छ । हेभि मेशिन प्रयोग सम्वन्धमा नगरपालिका प्राविधिकवाट प्राविधिक प्रतिवेदन र सिफारिस नभएको र अनुमति समेत नदिएको पाइयो । सम्झौता विपरित को कार्य उपर अनुगमन गरी जिम्मेवार बनाउनुप्रर्दछ । | ५३३००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४. सम्झैताको बुदा नं १ मा मिति २०७७।३।३१ सम्म म्याद भएको रु३६ लाखको बैक जमानत कार्यालयमा बुझाएको उल्लेख छ । बोलपत्रदाताले सम्झौता अनुसार रकम नवुझाएकोले पालिकाबाट मिति ०७७।२।३२ मा जेठ मसान्त भित्र दाखिलागर्नुपर्ने रकम रु३६ लाख नेपाल बैंक लिमिटेड चरिकोटको बैङ्क जमानतवाट मिति २०७७।३।२४ मा नगरपालिकाको राजस्व वाडफाड खातामा बैकबाट रकम जम्मा भएको पत्रबाट देखिन्छ ।<br>५. पालिकाको IEE प्रतिवेदन अनुसार मागे खोला बगरको बार्षिक उत्खनन आयतन ८२७२।७१ घमि तोकिएको छ । वोलपत्रदाताको कबुलियत पट्टमा मिति ०७६।७।६ को सम्झौतामा जेठसम्म निकाल्न सकिने परिमाण ८२७२ घ.मि उल्लेख छ । दैनिक उत्खनन गर्न सकिने परिमाण उल्लेख नगरेको र उत्खनन परिमाण के कति भयो सोको विवरण संम्लग्न गरेको पाइएन । | |
| ३४. | **ठुलाबगर क्षेत्रः** स्थानिय सरकार संचालन एन २०७४ को दफा ११ को उपदफा २ घ छ मा भएको व्यवस्था अनुसार आ व ०७६।७७ का लागि ठुलावगर क्षेत्रवाट ढुङ्गा गिटी वालुवा एवं ग्राभेल संकलन तथा उत्खनन कार्यको लागि मिति ०७६।४।२२ मा न्युनतम अंक रु.१६६६९४३ तोकी सुचना प्रकाशन गरेको देखियो । उल्लेखित कार्यको ०७७ बैशाखसम्मको लागि विभिन्न ३ वोलपत्रदाता मध्ये बढी कबोल गर्ने मैया निर्माण सेवाको कबुल अक रु.१६६७००० मा ०७६।५।१२ मा पट्टा कबुलियत गरेको पाइयो । यस सम्वन्धी देखियका ब्यहोरा निम्नानुसार रहेका छन ।<br>१. **मु.अ.करः** सम्झौताको बुदा नं ३ मा नियमानुसार मु.अ.कर थप गरी असुल गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले कवुलियत पट्टाको ठेक्का वापत बुझाउनुपर्ने रु.१६६७००० को १३ प्रतिशत ले हुने मु.अ. कर रु.२१६७१० असुल गरेको पाइएन । अतः सम्झौता बमोजिमको मु.अ. कर रु.२१६७१० असुली गरी राजस्व दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु..<br>२. सम्झोताको बुदा नं ८ मा उत्खनन कार्यको लागि हेभि मेशिन प्रयोग गर्नुपर्ने भएमा नगरपालिकाको प्राविधिक प्रतिवेदन र सिफारिस वमोजिम अनुमाति लिई प्रयोग गर्ने पाइने उल्लेख छ । हेभि मेशीन प्रयोग सम्वन्धमा नगरपालिकावाट स्वकृति भएको छैन ।<br>३. सम्झोताको बुदा नं २ मा वोलपत्रदाताले २०७७।३।३१ सम्मको म्याद भएको कार्यसम्पादन जमानत कार्यालयमा बुझाएको उल्लेख छ । वोलपत्रदाताले सम्झौता अनुसार रकम नबुझाएकोले रु.१३३२००० मिति ०७७।२।३२ मा नेपाल बैक लिमिटेड मा पत्राचार गरी मिति ०७७।३।१५ मा पालिकाको संचितकोषमा दाखिला भएको देखिन्छ ।<br>४. सम्झौताको बुदा नं. १३ मा कबोलदाताले उत्खनन परीमाणको विवरण प्रत्येक महिनामा नगरपालिकमा अनिवार्य रुपमा पेश गर्नुपर्ने उल्लेख छ ।IEE प्रतिवेदन अनुसार बार्षिक उत्खनन आयतन ५२४१ घ.मि. तोकिएको छ । सम्झौता अनुसार मिति ०७६।५।१२ देखि ०७७ जेठ मासान्तसम्म उत्खनन गरेको परिमाणको विवरण पेश गरेको पाइएन । दैनिक उत्खनन गर्न सकिने परिमाण समेत नतोकिएकोले के कति उत्खनन एवं संकलन र विक्री वितरण भयो सो को विवरण खुल्न आएन । | २१६७१० |
| ३५. | **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यवस्था गरेको छ । यसै सम्बन्धमा *बागमति प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।* यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । *यस नगरपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रु५७६७००० राजस्व प्राप्त गरेकोमा रु २३०६८०० प्रदेशसंचितकोष र रु३४६०२०० स्थानिय संचितकोषमा जम्मा गरेको पाईयो ।* गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने बाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ । | |
| | **आयकर एवं मू.अ.कर** | |
| ३६. | **मू.अ.करमा दर्ता नभएकासँग खरिद** ः मुल्य अभिबृद्धि कर ऐन २०५२ को दफा १०(क) बमोजीम मु.अ.कर दर्ता वालासँग हुनुपर्ने कारोवार पान विल प्रयोग गरी रकम भुक्तानी लिएको पाइयो । ऐनले निदिष्ट गरेका प्रावधान विपरीत भए गरेका कारोवार एवं भुक्तानी नियम सम्मत नदेखिएको रु... | ३३६७९९ |

| शिर्षक | गो.भौ.नं. र मिति | भुक्तानी पाउने | विवरण | कारोवार रकम | पान न. |
|---|---|---|---|---|---|
| संघिय शशर्त | २२।०७७।३।२६ | विगु फर्निचर उद्योग | फर्निचर | ७०२०० | ६१२४०१८५१ |
| संघिय शशर्त | २३।०७५।३।२६ | दिव्य एग्रीगेड इण्डष्टीज प्रा लि | बालुवा | २१००० | ६०४३४७२३७ |
| कोरोना नियन्त्रण तथा रोकथाम कार्यक्रम | २।०७६।१२।३० | ओम सुपर प्वाइन्ट एण्ड इन्टरप्राईजेज | माक्स | ९५००० | ६००२१२६०१ |
| | ३।०७६।१२।३० | ओम सुपर प्वाइन्ट एण्ड इन्टरप्राईजेज | माक्स | ९५००० | ६००२१२६०१ |
| मर्मत संभार कोष | ८।०७६।१०।७ | श्री सत्य नारायण ग्रिल उद्‌घोग चरीकोट | खरीद | ३३८९९ | ३००४५४६३५ |
| | २।०७६।६।१५ | न्यु सुनिता मेशिनरी हार्डवेयर सेन्टर | हार्डवेयर समाग्री | २१७०० | ६०००९१६१९ |
| | जम्मा | | | ३३६७९९ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३७. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २३१।०७६।११।८ | कुटी दर्फेदेवि कृर्षि सडक वडां ३ | सडक निर्माण | २००००० | एक्साभेटर | २३१५०९ |
| २६७।०७६।११।२१ | गोले गाँउ मंजुश्री सडक निर्माण उ.स | सडक निर्माण | ७००००० | एक्साभेटर | ८६३७५७ |
| ४९१।०७७।२।२८ | धनपाने भिरमुनी सडक नि.उ.स | सडक निर्माण | ६५०००० | एक्साभेटर | ६५६७९८ |
| ६३८।०७७।३।२२ | दिलुढुङ्गा खेलाप सडक नि.उ.स | सडक निर्माण | ५००००० | एक्साभेटर | ४२७१२० |
| ६९१।०७७।३।२४ | थलनागी हाडिखर्क हात्तिछहरा सडक नि.उ.स | सडक निर्माण | १५००००० | एक्साभेटर | १५८४७९८ |
| | जम्मा | | ३५५०००० | | ३७६३९८२ |

माथि उल्लेख गरिएका लगायत अधिकांश योजनाहरुको नगरपालीकाले उपभोक्ता समितिसँग सम्झैःता गरी प्राविधिक कर्यसम्पन्न प्रतिवेदनको अधारमा भुक्तानी दिएको छ । अधिकांश उ.स. हरुले एक्साभेटर लगायतका हेभिइक्युपमेन्टहरु प्र्योग गरेको निर्माण ब्यावसायिका कर बिजकहरु पेश गरी भुक्तानी लिएको छ । उपभोक्ता समितिले भुक्तानी लिएको रकमको तुलनामा बढी मुल्यका कर बिजकहरु पेश गरी निर्माण ब्यवसायीले नगरपालिकाबाट भुक्तानी लिएको रकमभन्दा बढी रकम उपभोक्ता समितिसँग निर्माण ब्यवसायिले भुक्तानी लिएको पाइएकोले उक्त निर्माणा कार्यहरु बास्तवीकरुपमा भएका छन भनी अःस्वस्थ हुने अधार एकिन भएन ।

३८. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र आब्हानगरी प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| खर्च शिर्षक | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| समनिकरण अनुदान | सामुदायिक भवन निर्माण टोल सुधार समिति | भवन निर्माण | ५००००० |
| " | भिम माध्यामिक विद्यालय सडक निर्माण | पिसिसी ढलान | १५०००० |
| " | शान्ती नगर बाटो सुधार समिति | ढलान | १५०००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| " | श्री विरेन्द्र प्रा वि भौतिक पूर्वाधार निर्माण | भवन निर्माण | ७००००० |
| " | ब्याडमिन्टन हल निर्माण | सामुदायिक भवन | १०००००० |
| " | थोक्जे छायेलिङ्ग गुम्वा सडक | ट्र्याक खोल्ने | १०००००० |
| " | कालिन्चोक वालविकास भवन निर्माण | भवन निर्माण | १०००००० |
| आन्तरीक श्रोत | सरसफाई केन्द्र निर्माण साझेदारी | शौचालय भवन निर्माण | १०००००० |
| " | थामी सग्रालय | शौचालय भवन निर्माण | ३००००० |
| " | एकिकृत बस्ती | सामुदायिक भवन | १७१०००० |
| " | नगरपालिका कार्यालय भवन निर्माण | भवन निर्माण | १४३४२९६ |
| " | जिलु एकिकृत बस्ती पूर्वाधार | विद्यालय भवन | ३०००००० |
| समानिकरण अनुदान | मन्जुश्री पार्क तथा हाइकिङ | शौचालय भवन निर्माण | ३०००००० |
| राजस्व वाडफाड | मुद्रा तथा सास्कृतिक संग्राहलय | नयाँ भवन निर्माण | २०००००० |
| " | पिपलवोट बहुउद्देश्यीय भवन निर्माण | सामुदायिक भवन निर्माण | ५०००००० |
| लागत सहभागितामा अधारीत कार्यक्रम | बुढाभिमसेन सामुदायिक भवन निर्माण | सामुदायिक भवन | ८०००००० |
| | सातमुले सामुदायिक भवन निर्माण | सामुदायिक भवन निर्माण | ८०००००० |
| शशर्त अनुदान चालु | महांकाल प्राथिमक भवन निर्माण | भवन निर्माण | ७००००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३९. **सव कन्टयाक्टरवाट काम गराएको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उप नियम (१०) मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र निर्माण व्यवसायी वा सव कन्ट्रयाक्टरवाट गराउन नहुने उल्लेख छ । कार्यालय र उपभोक्ता वीच सम्झौता भई वाटोको ट्र्याक खोल्ने, पहिरो हटाउने लगायतका वाटो, मोटर वाटो सम्बन्धी काम उपभोक्ताले गर्ने भनिएपनि स्रेस्ता परीक्षण गर्दा अधिकांश काम निर्माण व्यवसायीवाटै गराउने गरेको देखियो उपभोक्ताले पेश गरेको विलमा केही नि:शुल्क श्रम वापत भनी मस्टररोलमा काम गरेको देखाएपनि अधिकांश योजनाहरुको निर्माण कार्य निर्माण व्यवसायीवाटै गराएको उल्लेख गरी उपभोत्ताको योगदान बाहेकको बाकी रकम निर्माण ब्यावसायीको कर विजक पेश गरी भुत्तानी गरेको पाइयो । कानूनको परिपालना नगरी काम गराएकोलाई नियमसम्मत मान्न सकिएन । केही उदाहरण निम्नछन्:

| भै.न.मिति | उपभोत्ताको समितिको नाम | कामको विवरण | ल.ई | निर्माण व्यवसायी | कन्ट्रयाक्टर को विल | उ.स लाई भुक्तानी |
|---|---|---|---|---|---|---|
| ४६१।०७ ७।२।२० | शान्ती मार्ग निर्माण वडा नं १ | सडक निर्माण | ६३४७०१ | कालाभैरव कन्ट्रक्सन प्रा लि | ५०६१५० | ५००००० |
| ४८२।०७ ७।२।२७ | तल्लो देउराली खेलमैदान तथा सडक निर्माण | खेल मैदान | ३८७२४८ | एन वि आर सप्लायर्स प्रालि | ३८७३१० | ३००००० |
| ५८३।०७ ७।३।२२ | देउरालि कात्तिके सुन्द्रवति सडक वडा नं१ | सडक निर्माण | १०००३१४ | सहयोगि कन्ट्रक्सन प्रा.लि | ९२३९७८ | १०००००० |
| ५७५।०७ ७।३।१५ | सुर्के दारेगौडा खेलमैदान नर्माण वडा नं९ | खेलमैदान | ३८४६७२ | कालाभैरव कन्ट्रक्सन प्रा लि | ३७२९७१ | ३००००० |
| ८०७।०७ ७।३।३० | सामुदायिक सेवा भवन भि.न.पा.४ | भवन निर्माण | ६३१४१८ | विभिन्न | ५००००० | ५००००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४०. | **सार्वजनिक परिक्षणः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानिय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रमावकारी दिगो र भरपर्दो बनाउन कार्यक्रम तथा योजनाको समाजिक परीक्षण अन्तरगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने ब्यवस्था छ । विभिन्न सडक भवन सिचांई खानेपानी कृषि विकास तथा पशु विकास तर्फका कार्यक्रम तथा योजना सम्पन्न भए पश्चात सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गरेर मात्र भुक्तानी प्रक्रियाको लागि पेश गर्नुपर्नेमा कतिपय योजनाहरुमा सो अनुरुप गरेको पाइएन । तोकिएको फारम प्रयोग गरी सरोकारवालाको उपस्थितिवाट भए गरेको कार्यको सार्वजनिक सुनुवाई तथा परीक्षण गरी उत्तरदायित्व एवं पारदर्शितालाई प्रर्वद्धन गर्नुपर्दछ । | |
| ४१. | **घटी कार्य भएकोमा पनि कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लागभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले उक्त निर्माण कार्य तोकिएको ड्रइङ, डिजइन, लागत अनुमान अनुरुप भएको छ छैन सो को प्राविधिक कर्मचारीवाट जाँचपास गराई कार्य सम्पन्न तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिका र उपभोक्ता समिति विच संम्झौता भई सम्पन्न भएका केही योजनाहरुको लागत अनुमानको तुलनामा घटी कार्य भएको अवस्थामा पनि कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिएको पाइयो । जसले गर्दा योजनावाट सम्वन्धीत उपभोक्ता समुह वा लाभग्राही समुदायले उचित प्रतिफल पाएका छन भनि बिस्वस्त हुन सक्ने अवस्था रहेको छैन । तोकिएको ड्रइङ, डिजइन, लागत अनुमान अनुसार नै योजना सम्पन्न गर्न लगाई लाभग्राही समुदायलाई योजनावाट यथोचित लाभ प्रास गर्ने अवसर सृजना गरिनु प्रर्दछ । जसका केही उदाहरण निम्न अनुसार रहेको छन । | |

| भौन मिति | योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न | लागत अनुमानको तुलनामा कार्य सम्पन्न प्रतिशत | भुक्तानी |
|---|---|---|---|---|---|
| ७५६।०७७। ।३।२८ | मंजुश्री पार्क निर्माण वडा २ | ३३७९२६४।५६ | २५५३४६८ | ७५.५६ | २२३३९५२ |
| ८०२।०७७ ।३।३० | डिही फसिभै एकिकृत बस्ती निर्माण वडा ४ | ३७३७८९६ | १३४१४०८ | ३५.८८ | ६१३३३० |
| ८४८।०७७ ।३।३१ | बुद्धनगर टोल सुधार तथा सरसफाई | ४२३६४८० | १८८५१९७ | ४२.१३ | ११४८७१६ |
| ८६४।०७७ ।३।३१ | सरसफाई केन्द्र निर्माण वडा ७ | ११६४३८० | ३५३५८८ | ३०.३६ | ३००५०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४२. | **माटोको किसिमः** सार्वजनिक खीद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीवाट त्यस्तो कामको जाँचपास गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्ता समिति मार्फत नँया ट्र्याक खोल्ने तथा बाटो स्तरोन्नती गर्ने कार्यको लागि अधिकांश योजनाका लागत अनुमान तयार गर्दा मेशिनको दर प्रयोग गरिएको र सोही अनुरुप सव कन्ट्रयाक्टरबाट कार्य गराई भुक्तानी गर्ने गरिएको छ । प्राविधिकबाट पेश भएको नापि मुल्याङ्कनमा बाटोको च्यानेज क्रमश सिलसिलेवार राखी मुल्याङ्कन गरे पनि भएको कामको परिमाणलाई साधारण माटो, कडा माटो, साधारण चट्टान, मध्यम चट्टान, कडा चट्टानलाई नापि बास्तविक नापजाँचका आधारमा स्पस्ट परिमाण निर्धारण नगरी लमसममा प्रतिशत निर्धारण गरी परिमाण छुट्याउने गरेको पाइयो । जसले गर्दा माटोको प्रकार अनुसार निर्धारण गरीएको परिमाण बास्तविक र यथार्थपरक | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | छ भनि भन्न सकिने अवस्था छैन । वास्तविक नापजाँचका आधारमा माटोको प्रकार अनुसार परिमाण निर्धारण गरी सोही अनुरुप भुक्तानी दिने ब्यवस्था अवलम्वन गरिनु पर्दछ । | |
| ४३. | **आनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभ्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा ब्यवस्था छ । निम्न योजनाहरुको लागत अनुमान भन्दा घटी कार्य सम्पन्न भएको अवस्थामा उपभोक्ताको योगदानको अनुपात हिसाव गरी सोही अनुरुप रकम घटाई भुक्तानी दिनुपर्नेमा संम्झौता अनुसार कार्यालयले ब्यहोर्नुपर्ने पुरै रकम भुक्तानी दिएको पाइयो । घटी कार्य सम्पन्न भएको अवस्थामा पनि पुरै रकम भुक्तानी दिदा उ.स लाई बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु... | ६२१४९ |

| भौ.न मिति | योजनाको नाम | लागत अनुमान | उ.स. को योगदान | कार्य सम्पन्न | भुक्तानी | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| ६०८।०७७।३।१८ | देवि मा.वि बोच स्मार्ट क्लास तथा कक्षाकोठा ब्यव्रस्थापन | ८५३८३० | १०३८३० | ८४२२१९ | ७५०००० | ७३९८०० | १०२०० |
| ६७१।०७७।३।२४ | क्षमावति स्वास्थ्य चौकि सडक निर्माण | १२४१९६८ | २४१९६८ | १२०४७८० | १०००००० | ९७००५६ | २९९४३ |
| ८६१।०७७।३।३१ | वडा स्तरिय मकैवारी मुल खानेपानी योजना बडा नं ७ | ४९८२५७८ | ९८२५७८ | ४९५५७६६ | ४०००००० | ३९७७९९३ | २२००६ |
| | जम्मा | | | | | | ६२१४९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४. | **च्यानेज दोहोरोः** सार्वजनिक खीद नियमावली २०६४ को नियम ९७(११) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरिसकेपछि सम्वन्धीत सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीब्राट त्यस्तो कामको जाँचपास गराई सार्वजनिक निकायमा पेश भएको आधारमा कार्य सम्पन्न प्रतिवेदन तयार गरी सोही अनुरुप भुक्तानी दिनुपर्ने ब्यवस्था छ । धनपते भिरमुनी सडक वडा नं ५ निर्माण कार्यको लागि एउटै उपभोक्ता समिति मार्फत पहिलो पटक रु.६२४०७७।५१ को लागत अनुमान तयार गरि संम्झौता गरी रु.८५६७५०।१६ को कार्य सम्पन्न पेश भएको र पुन सोही सडकको लागि रु.१८०३२२।४३ को लागत अनुममान तयार गरी उ.स र कार्यालयविच संम्झौता भई उ.स ले रु.१८९८१४।४३ को कार्य सम्पन्न प्रतिवेदन तयार गरी ४९१।०७७।२।२८ मा रु.६५०००० भुक्तानी भएको छ । बाटो चौडा गर्ने र नयाँ ट्र्याक खोल्ने कार्यको लागि एउटै उपभोक्ता समितिले पिहलो पटक ०+००० देखि ०+६७० च्यानेज सम्म काम गरेको नापी पेश गरेकोमा पुन सोही उपभोक्ता समितिले दोस्रोपटक सोही सडकको च्यानेज ०+००० देखि ०+२६० सम्म कार्य गरेको नापीमुल्याङ्कन पेश गरी भुक्तानी लिएको पाइयो । एउटै बाटोमा एउटै उपभोक्ता समितिले २ पटक कार्य गर्दा ०+००० देखि ०+२६० च्यानेज दोहोरो परेको र सो बापत भुक्तानी भएको रकम रु.१५०००० सम्वन्धमा यथार्थता एकिन हुनुपर्ने रु.. | १५०००० |
| ४५. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने ब्यवस्था छ । उपभोक्ता समिति मार्फत भएका निम्न योजनामा उपभोक्ता समितिले निर्माण ब्यवसायीका एक्साभेटर । डोजर प्रयोग | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरी सडक मर्मत तथा खन्ने कार्य गराई कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको परिमाण र दरमा उ.स.ले भुक्तानी लिएकोमा कार्य सम्पन्न प्रतिवेदनमा उल्लेख भएको रकम भन्दा कमका निर्माण व्यवसायीको कर विजक पेश गरेको पाइयो । कार्य सम्पन्न प्रतिवेदन अनुसार पुरै रकमको बील भर्पाइ पेश हुनुपर्नेभा घटी बील पेश गरेको निम्नानुसारको रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.... | १३१५६३२ |

| भौ न मिति | योजना | कामको विवरण | कार्यसम्पन्न अनुसार भएको कार्य परिमाण | मुल्याङ्कन रकम | बिल पेश | घटी बील |
|---|---|---|---|---|---|---|
| ९५।०७६।८।२७ | पानीपोखरी वोसिम्पा सडक निर्माण | विभिन्न प्रकारको माटो खन्ने कार्य | २०२४ घ.मी | ५५९४७३ | २०२५७८ | ३५६८९५ |
| १८१।०७६।१०।२६ | चर्णवति लप्से बेशिघर ८ र ९ जोड्ने सडक | मेशिनद्धारा विभिन्न प्रकारको माटो काट्ने | ३४५७ घ.मी | ५७२४१२ | ३९८१३० | १७४२८२ |
| २९८।०७६।१२।२ | वडा कार्लय जग्गा व्यवस्थापन वडा ७ | मेशिनद्धारा माटो काट्ने कार्य | १७८५ घ.मी | २३५९९४ | ७५१४५ | १६०८४९ |
| ३५८।०७७।१।१५ | पानीघाट लाकुरी चौतारा भुमेथान सडक | मेशिनद्धारा माटो काट्ने काम | १४७१ घ.मी | १७९२५७ | १२९९५० | ४९३०७ |
| ५८८।०७७।३।१६ | पानीघाट खेल मैदान वडा १ | मेशिनद्धारा माटो खन्ने कार्य | ९००।४१ घ.मी | १२१६८८ | ८९२७० | ३२४१८ |
| ६३८।०७७।३।२२ | दिलढुङ्गा खेलाप सडक वडा २ | मेशिनद्धारा माटो खन्ने कार्य | २९४८।७४ घ.मी | ६३३९२५ | ४२७१२० | २०६८०५ |
| ६५२।०७७।३।२३ | मैदान चितामथलि मैदाने घगारे टागनागी खा.पा.यो | **HDPE** पाइप खरीद | १५७ र.मी. | २१४५४ | | २१४५४ |
| ६६६।०७७।३।२३ | भालेभारे चौर खेलमैदान निर्माण | मेशिनद्धारा माटो खन्ने कार्य | २१२४।९० घ.मी | ३२८७४४ | १०१७०० | २२७०४४ |
| ७७५।०७७।३।२९ | भितेरी ढाडे खेलमैदान उ.स | माटो काट्ने कार्य | ३६६४।८८ घ.मी | ४९६९५७ | ४१०३७९ | ८६५७८ |
| | **जम्मा** | | | | | १३१५६३२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४६. | **दर भन्दा बढी भुक्तानीः** सार्वजनिक खरीद नियमावली २०६४ का नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्वन्धी गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स वमोजीम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी त्यस्तो नर्म्स नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत गराई नर्म्स बमोजिम लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ । गाँउपालिकाले लागत अनुमान तयार गर्नेप्रयोजनको लागि दर विश्लेषण गर्दा स्विकृत नर्म्स र जिल्ला दररेटलाई आधार लिई दर विश्लेषण गर्ने गरेपनि कार्य सम्पन्न प्रतिवेदनमा फरक दर प्रयोग गरी उ.स. लाई भुक्तानी गरेको पाइयो । दर विश्लेषणमा उल्लेख गरिएको दर भन्दा बढी दर प्रयोग गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरि उ.स. लाई बढी भुक्तानी भएको निम्नानुसारको रकम सम्वन्धीत उपभोक्ता समितिसँग असुल गर्नुपर्ने रु.. | ११३५८५ |

| भौ.न मिति | योजनाको नाम | काम | दर विश्लेषणमा उल्लेख दर | कार्यसम्पनमा प्रयोग दर | भएको कामको परिमाण घमि | बढी |
|---|---|---|---|---|---|---|
| १०१।०७६।९।१३ | च्यातखोर मार्ग सडक नि.उ.स | ग्याविन बक्स किन्ने र भर्ने | ५९३८।७२ | ६१३८।९९ | १३६ | २७२३६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|---|
| | १८२।०७६।१०।२३ | गौतम टोल भुसकाती सडक | मानिसद्धारा माटो खन्ने कार्य | ३८६।७२ | ४६३।५० | ५१.७० | ३९९३ | |
| | २७३।०७६।११।२१ | नागी नारायण देउ सडक नि.उ.स | ग्याविन बक्स खरिद रभर्ने कार्य | ५९३८।२५ | ६१३८।९९ | २१४.५० | ४२९५७ | |
| | २७३।०७६।११।२१ | नागी नारायण देउ सडक नि.उ.स | मानिसद्धारा नरम माटो खन्ने कार्य | ३८६।२५ | ४६३।५० | ५८.९१ | ४५५० | |
| | ४३७।०७७।२।१३ | भ्यु टावर भौतिक संरचना निर्माण | ग्याविन बक्स किन्ने र भर्ने कार्य | ५९३८।७२ | ६१३८।९९ | १०६ | २१२२८ | |
| | ४८६।०७७।२।२७ | माप्ची तामाङ गुम्वा नि.उ.स | ब्रिक मेशिनरी कार्य १:६ | २०६००।३७ | २०९८६।६२ | १३.३५ | ५१५६ | |
| | ६४४।०७७।३।२२ | छिपोलो खा.पा. तथा सरसफाइ समिति | **HDPE** पाइप खरीद ४० **mm 10 kg** | १५१।५४ | १५४।१२ | १४०० र.मि. | ३७५२ | |
| | ७२१।०७७।३।२५ | रिजाल गाँउ जैसि गाँउ पैदल मार्ग नि.उ.स | मानिसद्धारा नरम माटो खन्ने कार्य | ३८६।२५ | ४६३।५० | ६१.०२ | ४७१३ | |
| | | जम्मा | | | | | ११३५८५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४७. | **वील भरपाईः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, विल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ ।लागत अनुमान रु६३६७८८ ,रहेको च्यासे छाँपगाँउ देउपुजेडिही खानेपानी योजना वडा नं ५ निर्माण कार्यको लागि उपभोक्ता समिति र नगरपालिका विच सम्झौता भई उपभोक्ता समितिवाट रु७३८४४३ को कार्यसम्पन्न प्रतिवेदन पेश गरी रु५ लाख भुक्तानी भएको छ । पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा ६५०० मिटर पाइप प्रयोग भएको देखाईएको तर ६३०० मिटर मात्र पाइप खरिदको विल पेश भएकोले २०० मिटर पाइपको प्रति रनिङ मिटर रु३९.५१ हुने रु ७९०२ सम्वन्धीत उपभोक्ता समिति सँग असुल हुनुपर्ने रु.. | ७९०२ |
| ४८. | **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| छहरेखोला जिपलाईन संभाव्यता अध्ययन | नेर्पा ईन्जिनिषरिङ्ग | २००००० | १९९९५३ | ५९९७३१४१ |
| आद्योगिक ग्राम विस्तृत परियोजना प्रतिवेदन | ग्रिन डिजाईन स्पाइरल ग्रीड ग्रीन अर्थ जेभी | १४००००० | १३६४४७५ | सडक निर्माण रु१००३७७०७१ फोहरमैला ब्यवस्थापन रु३७१४२१९ खानेपानी रु७६१३३४ |
| खसड कुटी निर्माण विस्तृत परीयोजना प्रतिवेदन | बागेश्वरी सिभिल कन्सल्ट प्रा लि | ५००००० | ४९७७६५ | ८७८५५३०० |
| सिपङ्ग कम्प्लेक्स भवन सातदोवाटो | मास कन्सल्ट प्रा लि | २६४१६९ | २६४१६९ | ३०२१८७२२।२३ |
| टुडीखेल खेल मैदान | ग्रिन डिजाईन सोलुसन प्रा लि | ५००००० | ४९०५३८ | १७६३५५६०४।६ |
| जनजाति संग्राहालय | प्यानेट ईन्जिनियरिङ्ग सर्भिस प्रा लि | ५००००० | ४९३५८४ | २६७६८०८३।१७ |
| खवरदारडाँडा देउराली पार्क | पेसो कन्सल्टेन्ट प्रा लि | ५००००० | ४९७२०० | ५९४२३११५ |
| भिमेश्वर पार्क विस्तृत परियोजना प्रतिवेदन | प्लेटफर्म ईन्जिनियरिङ्ग कन्सल्टेन्टस प्रा लि | ५००००० | ४९५५०५ | ५५०६८७२।२१ |
| मयुर पार्क विस्तरृत परियोजना प्रतिवेदन | स्पाईरल ग्रिड सोलुसन प्रा लि | ५००००० | ४९७२०० | ५६७९६९९।१४ |
| बखरा झोलुङ्गे पुल | सिभिल फोरम फर सस्टेनेवल डेभलपमेन्ट | २५०५४३ | २५०५४३ | ४३६६५२७ |
| उखुवारी मार्ग प्राटीखोला कुप्रि तिनखाले सेरा सडक | सिगटी इन्जिनियरीङ कन्सल्टेन्सी कालिम्रोक ३ | ५००००० | ४९९००८ | - |
| टुडिखेल माटो जाँच सर्भे | आर क्यु नेपाल कन्सट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा लि बानेश्वर | ५००००० | ४९५९५७ | - |
| जम्मा: | | ६११४७१२ | ६०४९८९७ | |

| | | |
|---|---|---|
| ४८.१. | सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७२ मा सार्वजनिक निकायले विस लाख रुपैयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचिमा रहेको सम्भव भए सम्म छ वटा र कम्तीमा तिनवटा परामर्शदाता बाट छुट्टा छुट्टै प्राविधिक र आर्थिक प्रस्ताव माग गरी पेश भएका प्रस्तावहरुको आर्थिक र प्राविधिक मुल्याङ्कन गरी सवैभन्दा बढी कुल अंक ल्याउने प्रस्ताव छनौट गरी खरीद गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले यस बर्ष विभिन्न १२ वटा योजनाको विस्तृत सम्भाव्यता अध्ययन कार्यको लागि रु.६११४७१२ बजेट विनयोजन गरी रु.६०४९८९७ खर्च लेखेको छ । औद्योगिक ग्राम बाहेक ११ वटा योजनाको सम्भाव्यता अध्ययन प्रत्येक योजनामा ३ वटा कोटेशन लिई घटीवाला सँग संम्झौता गरी ११ वटा छुट्टा छुट्टै परामर्शदातावाट गराएको पाइयो । सवै योजनाको एउटै प्याकेज बनाई प्रतिस्पर्धात्मक तरिकाले मितब्ययी खरिद प्रक्रिया अपनाउनु पर्नेमा सो गरेको पाइएन । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | दिनमा आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु ५ वटा बाहेक कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।<br>**यस सम्वन्धमा योजना माग गर्दा डि.पी.आर माग्ने हुदा पटक पटक गर्नुपर्ने बाध्यता रहेको कार्यालयको भनाई रहेको छ ।** | |
| ४९. | **जग्गा खरीद ः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ९७ मा स्थानिय तहले निजि जग्गा प्राप्ति गर्नु परेमा जग्गा प्राप्ति ऐन २०३४ अनुसार स्थानिय तहले सरकारी जग्गा संरक्षण, दर्ता तथा निजि जग्गा प्राप्ति गर्ने ब्यवस्था छ । उल्लेखित प्रकृया बाहेकको सरकारी सम्पतिको हक हस्तान्तरण कानुन विपरीत हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन गर्ने नहुने ब्यवस्था छ ।पालिकाले ७ नं वडा कार्यालय भवन तथा ८ नं वडा कार्यालय र स्वास्थ्य चौकी निर्माण गर्न आवश्यक पर्ने जग्गा खरीदकार्यको लागि जग्गा निशुल्क वा शशुल्क उपलब्ध गराउने सुचना प्रकाशन गरी गठीत जग्गा खरीद सम्वन्धी समितिले प्राप्तहुन आएका निवेदनहरु संकलन गरी जग्गाधनिहरु सँग बार्ता गरी एवंम चलनतल्तीको मुल्य समेत कायम गरी दिएको प्रतिवेदनको आधारमा कार्यपालीका बैठकको निर्णय एवं नगरसभा बाट अनुमोदन गरी निम्नानुसारको जग्गा खरीद गरी वडा कार्यालय ७ र ८ को नाममा जग्गाधनि प्रमाण पुर्जा बनाई सम्पतिको रुपमा राखेको छ । जग्गा अधिग्रहण वा मुअब्जाको प्रकृया अवलम्वन नगरी जग्गा किन्ने कुरा उचित देखिएन । स्थानियतहले संघिय सरकारसँग माग गर्ने वा सार्वजनिक जग्गा उपयोग गर्नुपर्नेमा सो अनुरुप गरेको पाइएन । | |

| कित्ता न./ ठेगाना | क्षेत्रफल | खरिद मुल्य |
|---|---|---|
| विभिन्न १० कित्ता जग्गा वडा नं ८ | ४८.९३ बर्ग मिटर | ७८५८७२ |
| ५८४, मानेटार | ६४५ बर्ग मिटर | ५३३००० |
| जम्मा | ६९३.९३ | १३१८८७२ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संघिय शशर्तः** | |
| ५०. | **औद्योगिक ग्राम निर्माणः** ३४।०७७।३१ नगरपालिका र भिमेश्वर औद्योगिक ग्राम निर्माण उ स विच भिमेश्वर औद्योगिकग्राम वडा नं ७ संचालनको लागि ल.ई. रु.९८९१८८९।३१ मा नगरपालिकाबाट रु.९२००००० र उ.स. वाट रु.६९१८८९।३१ ब्योहोर्ने गरी मिति २०७७।२।२९ मा संम्झौता भएको पाइयो । यस सम्वन्धी देखिएका ब्यहोराहरु यस प्रकार छन ।<br>१. सम्झौतामा आयोजन सम्पन्न गर्नुपर्ने अवधि मिति २०७७।३।१५ तोकिएकोमा तोकिएकोमा मिति ०७७।३।१४ को निर्णयले ०७७।३।३० सम्म म्याद थप भएको देखियो ।<br>२. नगरकार्यपालिकाको मिति ०७७।३।२५ को कार्य सम्पन्न सिफारिस अनुसार ल.ई. मध्ये रु.३०१५४००।३५ को मात्र कार्य सम्पन्न भई रु.२८०४००० उपभोक्ता समितिलाई भुक्तानी भएको छ । सम्झौता अनुसार तोकिएको कार्यसम्पन्न भएको पाइएन ।<br>३. सम्झौता अनुसार आयोजना सम्पन्न भएपछी स्थानिय निकायवाट जाँचपास गरी फरफारक हस्तान्तरण एवं मर्मत सम्भारको ब्यवस्था समेत गर्नुपर्नेमा सो भए गरेको पाइएन । नगर कार्यपालिकाको निर्णयानुसार असार महिनाभित्र सम्पन्न हुने कार्यको अन्तीम भुक्तानी दिने र सम्झौता रद्ध गरी आगामी आ बमा नयाँ आयोजनाको रुपमा अघि बढाउने निर्णय भएको पाइयो । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ४. यस आयोजनाको लागि रु.९८९१८८९।३१ लइ मा रु.९२००००० नगरपालिकाले ब्योहोर्ने गरी सम्झौता भएको देखियो । उक्त नगरपालिकाको अंश मध्ये कुल खर्च रु.४३८५८३० मा रु.१३६४४७४ को डि.पी.आर. कार्य नगरकार्यपालिका बाट नै भएको देखियो । उपभोक्ता समितिबाट भएको कार्यमा ३ प्रतिशत कन्टीजेन्सी रु.९०४६२ मात्र कट्टी हुनुपर्नेमा रु९६४१७ कट्टी भएकोले बढी कट्टी गरेको रु. ५९५५ नियमसम्मत नदेखिएको रु...<br>५. उपभोक्ता समितिले काम सम्पन्न भएपछि बाँकी रहन गएका समानहरु नगरपालिकालाई बुझाउनुपर्ने उल्लेख छ । तर उपभोक्ता समितिले पेश गरेको कुल बिलभरपाइ रु.३५४५४५८ मा पालिकाबाट रु.२८०४००० भुक्तानी गरेको छ । खर्च मध्ये रु.४३७३३८ को २८८ थान ग्याविनबक्स खरीद भएतापनि १६६ थान मात्र प्रयोग भएको देखिएकोले उपभोक्ता सँग रहेको बाकी ग्याविन बक्सको अवस्था एकिन हुन सकेन । | ५९५५ |
| | **खरिद** | |
| ५१. | **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर नगरपालिकाले उक्त प्रक्रियावेगर रु.२४५७२३९का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्नािनुसार छनः | |

| खर्च शिर्षक | गो. भौ. र मिति | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| संघिय शशर्त चालु | ९१।०७६।१२।७ | गोसाइकुण्ड मेडिसिन सप्लाषर्स | ४९९२६९ |
| संघिय शशर्त चालु | ९३।०७६।१२।७ | सल्लाघारी इन्टरप्राईजेज प्रा. लि | ४९१५५० |
| संघिय शशर्त चालु | १५९।०७६।३।१८ | अजम्मरी फर्मास्युटिक्स | ४९९९०५ |
| शशर्त | २१।०७७।३।२६ | ए वन नेशनल एण्ड ट्रेडिङ्ग कन्सर्न | १९९९९९ |
| शशर्त | २७।०७७।३।२९ | धर्मभक्ता भेडिसन डिष्टीब्युटर्स | ३७००५८ |
| शशर्त | २८।०७७।३।२९ | ए वन नेशनल एण्ड ट्रेडिङ्ग कन्सर्न | ३५०६९ |
| शशर्त | २८।०७७।३।२९ | गौतम मेडिको फर्मा | ३६१३८९ |
| | जम्मा | | २४५७२३९ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१.१. | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र जम्मा रु२४५७२३९ सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ५१.२. | आपूर्ति हुने औषधि सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ५१.३. | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन । | |
| ५१.४. | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, | |
| ५१.५. | औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । | |
| | तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखे, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राखे तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु. | १३७००८० |

| खर्च शिर्षक | भौ न मिति | भुक्तानी पाउने | खरीद | रकम |
|---|---|---|---|---|
| संघिय शशर्त | २८।०७६।३।२९ | सेतिदेवि फर्निचर उद्योग | फर्निचर | ९००६१ |
| संघिय शशर्त | २६।०७७।३।२९ | सेतिदेवि फर्निचर उद्योग | फर्निचर | ४२००० |
| राष्टिय परिचयपत्र | १।०७६।१२।९ | सेतिदेवि फर्निचर उद्योग | फर्निचर | ९६०५० |
| गापा पूजिगत | ४७।०७६।६।१७ | आधुनिक इन्टेरियर एण्ड फर्निचर हाउस काठमाण्डौ | फर्निचर | ४८१०४० |
| गापा पूजिगत | ४९।०७६।६।१७ | ओमप्रकाश कार्पेट पर्दा कोटेश्वर | फर्निसिङ्ग | १९८४२० |
| गापा पूजिगत | १०९।०७६।९।१७ | सेतिदेवि फर्निचर उद्योग भिमेश्वर ६ | फर्निचर | २७७१८९ |
| गापा पूजिगत | १११।०७६।९।१७ | सेतिदेवि फर्निचर उद्योग भिमेश्वर ६ | फर्निचर | ८८१४० |
| गापा पूजिगत | ८३६।०७७।३।३१ | सेतिदेवि फर्निचर उद्योग भिमेश्वर ६ | फर्निचर | ९७१८० |
| | जम्मा | | | १३७००८० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.४९९७९९ खर्च गरेका छन् । | |
| ५४. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका ९ वडाहरुमा सडक खानेपानी निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ४७५ जनालाई रोजगारी उपलब्ध गराई रु.७५७०४३९ खर्च गरेको छ । लक्षित वर्गलाई ६ दिनदेखि ९५ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५४.१. | **डोजरको प्रयोगः** कामका लागि पारीश्रमिकमा आधारीत समुदायिक आयोजना (संचालन तथा ब्यवस्थापन) कार्यविधि २०७६ को परिच्छेद ३ को ७(क) मा कार्यक्रम संचालन गर्दा आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरी आयोजनाको प्रस्ताव गर्नु | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | पर्ने र लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्वाइलर जस्ता हेभि मेशीनहरु प्रयोग गर्नेगरी आयोजना प्रस्ताव गर्न नपाईने भनि उल्लेख गरेको छ तर पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत अनाथालय महांकाल सडक उ.स. मार्फत मोटरबाटो मर्मत र पुरानो वडा भवन भत्काउई उचित ब्यवस्थापन गर्ने कार्यको लागि लागत अनुमान रु.१५०००७।९७ तयार गरी रु १५०१४३०।९२ को कार्य सम्पन्न प्रतिवेदन पेश भएको आधारमा रु१५००००० भुक्तानी भएको छ । मेशिनद्धारा माटो खन्ने र कडा चट्टान फुटाउने कामको लागत अनुमान तयार गरी मेशिनको दर प्रयोग गरी २२३८।२० घमि माटो खन्ने कामको २६५५६२।४३ र कडा चट्टान फुटाउने काम ९० घमि को रु४५७६५ को मुल्याङ्कन तथा कार्यसम्पादन तयार गरी सोही अनुसार रु३११३२७ भुक्तानी भएको छ । कार्यविधि अनुसार एक्साभेटर प्रयोग गरी आयोजना प्रस्ताव गर्न नपाइनेमा मेशिन प्रयोग गरी मेशिनको दर प्रयोग गरी भुक्तानी भएको रकम नियमसम्मत मान्न नसकिएको रु.. | ३११३[illegible] |
| ५५. | **सोलार जडानः** नगरपालिका अन्तरगतका ९ वटा वडा कार्यालयमा सोलार जडान गर्ने कार्यको लागि रु.४५५९६०० को लागत अनुमान तयार गरी मिति २०७६।६।२४ मा उपभोक्ता समिति र नगरपालिका वीच संझौता भएकोमा रु.४५५९६०० को कार्य सम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी भएको छ । यसमा देखिएका ब्यहोरा निम्नानुसार रहेका छन । | |
| ५५.१. | सौर्य बत्ति जडान कार्यको लागि वित्तिय समानिकरण पूजिगत तर्फ रु.५८६०००, संघ सशर्त तर्फ रु.१५५९६०० र बैकल्पिक सौर्य उर्जा शिर्षकमार्फत रु.२४००००० गरी जम्मा विनियोजित रु.४५४५६०० बजेट ब्यवस्थापन भएको छ । तिन वटै स्रोतको वजेट एकिकृत गरी नगरपालिकाका ९ वटै वडामा सोलार जडान कार्य गर्नको लागि ९ वटै वडाको सिफारिस अनुसार भरत थापाको अध्यक्षतामा गठित उपभोक्ता समितिलाई निर्माण कार्य गर्न दिने गरि संझौता भएको छ । उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयले स्थानिय तहमा नविकरणीय बैकल्पीक उर्जा कार्यक्रमहरु कार्यान्वयनको लागि पठाएको मार्गदर्शन अनुसार संचालित कार्यक्रमको १० प्रतिशत उपभोक्ता समिति वा समुदायको लगानी तथा योगदान सुनिश्चीत गर्नुपर्नेमा उपभोक्ता योगदानको सुनिश्चीत गरिएको छैन । मार्गदर्शनले निर्दिष्ट गरे अनुरुप एकल महिला, गरिब, अति विपन्न, दलित तथा लोपोन्मुख समुदायलाई प्राथमिकता क्रममा राखी कार्य गर्नुपर्नेमा ९ वटा वडाका ४० स्थानमा सोलार बत्ति जडान गरेको वडाको पत्रानुसार अवगत हुन्छ । तथापि प्राथमिकता क्रममा गरिब, विपन्न, दलित, महिला तथा लोपोन्मुख समुदायलाई समेटी कार्यक्रम संचालन भएको देखिदैन । | |
| ५५.२. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार श्रममुलक प्रविधि भएको एवं बढी जटील प्रविधिक विषय समावेश नभएको योजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत संचालन गर्नुपर्ने एवं उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने एवं कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराउन पाइने छैन भनि उल्लेख छ । विभिन्न वडामा सोलार जडान गर्ने कार्यको लागि न.पा.ले उपभोक्ता समिति सँग सझौता गरी जिम्मा दिएकोमा उपभोक्ता समितिले उक्त कार्यको लागि पुन कोटेशन माग गरि स्मार्ट सौर्य ईनर्जि प्रा.लि. सँग उक्त कार्यको रु.४५४००४० मा गर्ने गरी संझौता गरी कार्य गराएको पाइयो । सार्वजनिक खरिद नियमावलीको ब्यवस्थाको प्रतिकुल हुने गरि उपभोक्ता समितिले जिम्मा लिएको काम सवकन्ट्याक्टरबाट गराई भुक्तानी दिएको अनियमित देखिएको रु...... | ४५४००[illegible] |
| ५६. | **स्मार्ट बत्ति जडानः** नगरपालिका अन्तर्गत विभिन्न स्थानहरुमा स्मार्ट सडक बत्ति जडान गर्न वोलपत्र मार्फत गराउनको लागि स्थलगत अनुगमन/निरीक्षणको आधारमा तयार गरिएको लागत अनुमान अनुसार १३२१७१८६।२५ लाग्ने र सोको ६० प्रतिशतले हुन आउने रु७९३०३११।७५ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नेपाल विद्युत प्राधिकरण को एकाउण्ट नम्वर ००१०००२२८७३००००१ मा रकम जम्मा गरिदिनुहुन भन्ने नेपाल विद्युत प्राधिकरण उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभागको च.न ५९ मिति ०७७।३।१४ को पत्रानुसार भिमेश्वर नरपालिका दोलखाले भौ न ८३० मिति ०७७।३।३१ मा रु ४० लाख नेपाल विद्युत प्राधिकरणलाई रकम पठाएको छ । मिति २०७७।९।८ मा सुर्येदय उर्जा/सेफ स्टील/ टयाक्सन जे भि र नेपाल विद्युत प्राधिकरण बीच भएको संम्झौता मितिले ३६५ दिन अर्थात एक बर्ष भित्र सक्नु पर्ने संम्झौतामा उल्लेख छ । कुल संमझौता रकम रु४०४०३८९५।२८ मध्ये नगरपालिकाका विभिन्न स्थानमा २०० वाट स्मार्ट फ्लड लाइट १६, १२० वाट लेड स्ट्रिट लाईट १० र ९० वाट लेड स्ट्रिट लाईट ६० वटा बत्ती र सोको लागि आवश्यक पोल, जडान कार्य आदिको लागि भिमेश्वर नगरपालिकाको लागि मुअकर समेत रु८१५६३२८।२७ को संम्झौता रकम उल्लेख गरिएको छ । यस सम्वन्धमा भिमेश्वर नगरपालिकाको कार्यपालिका बैठकवाट कुनै निर्णय भएको छैन भने नेपाल विद्युत प्राधिकरणको च.न ४२ को ०७७।६।२५ को पत्रअनुसार नेपाल विधुत प्राधिकरण संचालन समितिको २०७६।११।०६ को ८२४ औ वैठकवाट कुल लागत को ६० प्रतिशत नगरपालिकाले ब्योहोर्नुपर्ने भन्ने ब्यहोरा अवगत हुन्छ । लेखापरीक्षण अवधि २०७७।११।१९ सम्म निर्माण ब्यवसायिले संमझौतामा उल्लेख भए अनुसार निर्णय कार्य शुरु गरेको जनाकारी नभएको, चारवटा निर्माण कार्य एउटै निर्माण ब्यवसायिको भएको हुनाले इलाम बाट शुरु गरेको र यहाँसम्म आइपुग्न समय लागेको भन्ने कार्यालयको भनाइ रहेको छ । | |
| | **सामाजिक सुरक्षातर्फ** | |
| ५७. | **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी रु.९७९४६६०५।९० खर्च गरेका छन । वडा.नं. १ र ५ को नमुना छनौटको अधारमा लेखापरिक्षण गर्दा लगत अद्यावधिक नगरेका उदाहरणहरु निम्नानुसार रहेको पाइयो । | |

| वडा | नाम | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमसिक | कैफियत |
|---|---|---|---|---|---|
| १ | किर्ति थामी | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |
| | केदार शिवाकोटी | १२००० | ०० | ०० | ना.न. उल्लेख नभएको |
| | चन्द्र प्र.उप्रेति | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |
| | चिनि थामी | १२००० | १२००० | ०० | ना.न. उल्लेख नभएको |
| | जिपतो शेर्पा | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |
| | शिव ब. थामी | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |
| | कल्पना थामी | ८००० | ८००० | ८००० | ना.न. उल्लेख नभएको |
| ५ | गगन सिह बस्नेत | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |
| | धन ब.श्रेष्ठ | १२००० | १२००० | १२००० | ना.न. उल्लेख नभएको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | | गणेश बस्नेत | ६४०० | ६४०० | ६४०० | ना.न. उल्लेख नभएको | |
| ५८. | **नबिकरण:** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यबिधि २०७५ को दफा ७ (१) मा हाल भत्ता पाप्त गरिरहेका सबै प्रकारका लाभ ग्राहीहरुले आगामी आर्थिक बर्ष भित्र भत्ता लिन चाहेमा दफा ६(१)मा उल्लेखित समयमवधि भित्र वडा कार्यालयमा दरखास्त दिनु पर्ने ब्यवस्था छ । यस नगरपालिका बिगत बर्षहरुमा भत्ता पाई राखेकाहरुको नामावली लाई नै नबिकरण मानी भत्ता बितरण गर्ने गरको देखिन्छ । अतः नगरपालिकाले लाभग्राहीहरुको नामावली कार्यबिधिमा उल्लेखित भएको ब्यवस्था अनुसार नबिकरण गराउनु पर्ने देखिन्छ । | | | | | | |
| | **ठेक्का ब्यवस्थापन:** | | | | | | |
| ५९. | **बहुउद्धेश्यीय भवन:** लागत अनुमान रु.११६०२९७६०।८० रहेको नगरपालिका स्थित सातदोवाटोमा सार्वजनिक शौचालय सहितको बहुउद्धेश्यीय भवन निर्माणको लागि निर्माण ब्यवसायी श्याम सुन्दर निर्माण सेवा सँग मिति २०७६।३।४ मा रु.११४७२४९२३।७६ कबोल अंकमा ठेक्का संम्झौता भएकोमा उक्त निर्माण कार्यको अवधि एक बर्ष अर्थात ०७७।३।४ सम्म तोकिएको थियो । यस आ ब ०७६।०७७ को अन्त्य सम्म चौथो रनिङवील र पेश्की समेत रु.७८८९६९२९ भुक्तानी भएको छ । जसको परीक्षण गर्दा देखिएका ब्यहोरा यस प्रकार छन: | | | | | | |
| ५९.१. | स्थानिय सरकार संचालन एन २०७४ को दफा ६८ उपदफा १ मा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त अयोगको सिफारीसको सिमा भित्र रहेर सम्वन्धीत सभावाट स्विकृत गराई उत्पादनशिल रोजगारीमुलक आन्तरीक आय बृद्धि तथा पूजिगत कार्यको लागि आन्तरीक ऋण लिन सक्ने प्रावधान छ । मिति २०६०।११।०४ गते नगर विकास कोषसँग ऋण लिएर निर्माण गरेको सपिङ कम्प्लेक्स २०७२ सालको भुकम्पवाट ध्वस्त भएको पाइयो । ०७४।६।६ को नगर विकास कोष र नगरपालिका बिच भएको संम्झौता अनुसार हालको बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि बार्षिक ५.५ प्रतिशत ब्याजमा २ वर्षको सहुलियत अवधि (Grace period) सहित २० बर्ष भित्र तिर्ने गरी नगर विकास कोषवाट लिएको ऋण मध्ये तिर्न बाँकी साँवा रु.७१३९३१३।१७ रहेको विवरण प्राप्त भएको छ । सोही स्थानमा शौचालय सहित बहुउद्धेश्यीय भवन निर्माण गर्न निम्नानुसारको लगानी ढाँचा अनुसार उपरोक्त बमोजिम निर्माण ब्यवसायीसँग संम्ता गरी कार्य भैरहेको छ । उक्त निर्माणाधिन भवनको वित्तिय सम्भाव्यता विश्लेषणलाई हेर्दा भवन समाप्त भए पश्चात पहिलो बर्ष देखि आठौ बर्ष सम्म ८४ देखि ९८ प्रतिशत सम्म र नवौ बषदिखि शत प्रतिशत क्षमता उपभोग हुने प्रक्षेपण गरी आई आर आर दर ९ प्रतिशत राखी वितिय सम्भाव्यतालाई सकारात्मक देखाएर लगानी गर्न उपयुक्त हुने भनि नगरपालिका र नगर विकास कोषले उक्त भवन बनाउने निर्माण गरे पनि क्षमता उपयोग दर ८४ देखि शत प्रतिशत हुने निश्चित र बस्तुगत आधार देखाएको छैन । जोखिम पक्षलाई समेत बिश्लेषण नगरेको कारण पहिले निर्माण गरेको सपिङ्ग कम्प्लेक्स सरह लगानी नउठ्ने र जोखिम रहने अवस्थातर्फ सम्वन्धीत पक्षले ध्यान दिनुपर्ने देखिन्छ ।लगानिको ढाँचा निम्नानुसार रहेको छ । | | | | | | |

| स्रोत | विवरण | लगानी प्रतिशत | लगानी रकम |
|---|---|---|---|
| नगर विकाश कोष | ऋण लगानि | १० | १२८२५५०० |
| नगर विकाश कोष | अनुदान | ८० | १०२६०४००० |
| नेपाल सरकार | अनुदान | ७.५ | ९६१९१२५ |
| भिमेश्वर नगरपालिका | समपुरक कोष | २.५ | ३२०६३७५ |
| | जम्मा | | १२८२५५००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९.२. | ०७७ अषाढ मसान्त सम्म नगर विकास कोषवाट रु.७२५५८९९८ र भिमेश्वर नगरपालिकावाट रु.८९९८२५९ गरी जम्मा रु.८१५५७२५७ नगरपालिका विविध खर्च खातामा जम्मा भएको मध्ये ०७७ अषाढ मसान्त सम्म रु.७८९८०९२९ खर्च भएको छ । खर्च भएको मध्ये रु.७८८९६९२९ बहुउद्धेश्यीय भवन निर्माण कार्यको निर्माण ब्यवसायी श्यमा सुन्दर नर्माण सेवालाई भुक्तानी भएको छ भने बाँकी रु.२५७६३२८ खातामा मौज्दात रहेको छ । नगरविकाष कोष र नगरपालिकाबीच संम्झौताको परिच्छेद २ को २.२ अनुसार कुल लगानी रकम रु.१२८२५५००० मध्ये नगरपालिकाको समपुरक कोषवाट रु.३२०६३७५ ब्यहोर्ने ब्यवस्था रहेकोमा नगरपालिकाको तर्फवाट रु.८९९८२५९ खर्च भएको विवरण प्राप्त भएको छ । नगरपालिकाले ब्यहोर्नुपर्ने रकम भन्दा बढी खर्च भएको रकम रु५७९१८८४ देखियो नगर विकास कोषवाट मिति २०७७।११।१७ को पत्रानुसार रु ९३२९३४४ हिसाव मिलान गरी प्राप्त गरेको देखियो । | |
| ५९.३. | स्थलगत निरीक्षणको क्रममा साढे सात तल्ला डिजाइन भएको उक्त निर्माण कार्य अन्तरगत ५ तल्ला ढलानको कार्य दुई वटा पानी टयाङ्की ढलानको कार्य एवं भुईतला तेस्रो र चौथो तल्लाको पार्टेशनको कार्य सम्पन्न भएको छ भने ५२ वटा सटर राखे र रङ्गरोगनको कार्य हुदै गरेको छ । बाहीर आंशीक रुपमा प्लास्टर भएको फिटीङ्ग, बत्ती पानी र टायलको काम बाँकी रहेको एवं फिनिसिङको कार्य गर्न बाँकीदेखिन्छ । बाकी काम तोकिएको समयमा सम्पन्न गराउने तर्फ कार्यालयले पहल गर्नुपर्दछ । | |
| ६०. | **टुडीखेल स्तरोन्नतीः** लागत अनुमान रु१२७५१९६७१।७६ रहेको टुडिखेल स्तारोन्नती कार्यको लागि वोलपत्र आब्हान गरिएकोमा निर्माण ब्यवसायी KCDC/SNSPL JV को कबोल अंक रु.१२६५८२५२१।०५मा कार्य गर्ने गरी निर्माण ब्यवासयी र नगरपालिकाविच मिति २०७७।३।१२ मा संम्झौता भई उक्त निर्माण कार्यको अवधि २०७९ आषाढ मसान्त सम्म तोकिएको छ । निर्माण ब्यवसायीले अग्रीम भुक्तानी जमानत पेश गरी ०७७ अषाढ मसान्त सम्म रु.१००००००० मोविलाईजेसन पेश्की लिएको छ । उक्त निर्माण कार्यको लागि ०७६।१०।१० मा वोलपत्र आह्वान गरीएकोमा ३ वटा विधुतिय वोलपत्र पेश भएको पाइयो । पेश भएका वोलपत्र मध्ये बल्ड वाईल्ड कर्मा जे भि को वोलपत्र प्राविधिक मुल्याङ्कनमा अनुतिर्ण भएको र सुनकोसी अबिसा जे भि ले वोलपत्र फिर्ता लिएको भनि KCDC/SNSPL JV को रु.१२६५८२५२१।०५ अर्थात ०.७३ प्रतिशत घटीको वोलपत्र स्विकृत गरी निर्माण कार्यको संझौता गरेको कारण निर्माण कार्यमा प्रतिस्पर्धा सिमित हुन गएको देखिन्छ । | |
| ६१. | **एनेक्स विल्डिगः** लागत अनुमान रु.१९७४३५८७।५९ रहेको निर्माण कार्यको लागि बोलपत्र आब्हान गरीएकोमा पर्न अएका बोलपत्रहरु मध्ये सवै भन्दा घटीवाला अविसा निर्माण सेवाको रु.१२२२५५४१।७४ को कबोल अंक स्विकृत गरी निर्माण ब्यवासयी र नगरपालिकाविच मिति २०७६ पौष मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी २०७६।२।२९ मा संम्झौता भएको थियो । तोकिएको समयमा उक्त निर्माण कार्य सम्पन्न नभई निर्माण ब्यावसायीको निवेदनको आधारमा ०७७ कार्तिक मान्त सम्म उक्त निर्माण कार्यको अवधि बढाईएको छ भने तेस्रो रनिङ बील सम्म रु.९८९७९८० र पेश्की रु.१४८००० समेत कुल रु.१००४५९८० निर्माण ब्यावसायीलाई ०७७ अषाढ मसान्त सम्ममा भुक्तानी भएको छ । यसमा देखिएका ब्योहोरा यसप्रकार रहेका छन । | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६१.१. | स्थलगत निरीक्षणको क्रममा उक्त भवनको निरीक्षण गर्दा दुई तल्लाको निर्माण कार्य सम्पन्न भई ग्राउण्ड फ्लोरमा गाडी पार्कीङ र पहिलो तल्लामा प्राविधिक अफिस संचालनमा आईसकेको पाइयो भने उक्त भवनमा खानेपानी र ट्वाईलेटको पाइप जडान गर्न बाँकी देखिन्छ । | |
| ६१.२. | सार्वजानिक खरिद ऐन २०६३ को दफा ५४ मा खरीद संम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिने परिस्थति संम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई पाँच प्रतिशत सम्मको सम्वन्धीत सार्वजनिक निकायको राजपत्राङ्कित द्धितिय श्रेणी वा सो सरहको प्रमुखले दश प्रतिशत सम्मको राजपत्राङ्कीत प्रथम श्रेणी वा सो सरहको प्रमुखले १५ प्रतिशत सम्मको विभागीय प्रमुखले भेरीएसन आदेश जारी गर्न सक्ने उल्लेख छ । निर्माण कार्य भै रहेको अवस्थामा पहिरो गएको कारण ०७६।७।२६ मा कार्यवाहक नगर प्रमुख कमला बस्नेतको अध्यक्षतामा बसेको बैठकको निर्णय बमोजिम पहिरोको माटो हटाई Share wall मा Waterprofing admixiture, silica cement admixture (5% of vol of cement) मिसाएर ढलान गर्नुपर्ने लागत अनुमानमा उल्लेख नगरीएको साइट तयार पार्नको लागि गर्नुपर्ने dismantle of RCC floor, removal of unrerviceeable soil including excavation loading and disposal र BOQ मा भएको flat brick soiling भएकोको सट्टा हेभि गाडी पार्किङ्ग गर्नुपर्ने कारण पिसिसि सट्टा ढलान उपयुक्त देखीएको भनि रु.१८०९६८६।२१ को variation order को estimate सहितको प्राविधिक सिफारीस सहित नगरपालिका प्रमुखको सदर टिप्पणी सहित नगर कार्यपालिकाको मिति २०७७।२।२८ को ५३ औ बैठकद्धारा रु.१८०९६८६।२१ अर्थात १४.८० प्रतिशत भेरीयसन गरीएको छ । | |
| ६२. | **कभर्ड हल निर्माण**: लागत अनुमान रु.६५३८१६६६।३१ रहेको कभर्डहल निर्माण कार्यको लागि वोलपत्र आब्हान गरिएकोमा निर्माण ब्यवसायि अविसा श्याम सुन्दर जे भि को रु.६४५५३९४०।७८ को कबोल अंक स्विकृत भई निर्माण ब्यवसायि र नगरपालिका विच ०७६।१२।१ मा संम्झौता भई ०७७ अषाढ मसान्त सम्म मोविलाइजेसन पेश्की रु.११३५४००० र विल रकम रु.३९३६००० समेत कुल रु.१५२९०००० भुक्तानी भएको छ ।<br>सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(१)मा सार्वजानिक निकायले न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही वोलपत्र छनौट तथा स्विकृत गरी खरिद संम्झौता गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले कभर्ड हल निर्माण कार्यको लागि २०७६।८।५ मा सुचना प्रकाशन गरी वोलपत्र आब्हान गरेकोमा एक वटा मात्र अविसा श्याम सुन्दर जेभि को (लागत अनुमानको तुलनामा १.२६ प्रतिशत घटी) वोलपत्र पेश भएकोमा निजलाई नै छनौट गरी निर्माण संम्झौता गरी कार्यको गराएको छ । जसको कारण निर्माण कार्यमा पर्याप्त प्रतिस्पर्धा नभई प्रतिस्पर्धा सिमित भएको पाइयो । वोलपत्र आब्हान गरेकोमा एउटा मात्र वोलपत्र पेश हुनु, पेश भएको वोलपत्र पनि न्युन मात्रामा घटी हुनु, पर्याप्त प्रतिस्पर्धा नभएको अवस्थामा प्रतिस्पर्धाका आधारहरु नखोजिनु आदि कारणले खरिद कारवाही मितब्ययी भएको छ भनि भन्न सकिने अवस्था देखिदैन । अतः निर्माण कार्य गराउँदा बोलपत्रदाताहरुमा पर्याप्त प्रतिस्पर्धा गराई मितब्ययी खरिद कारबाही गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । | |
| ६३. | **नापि किताबः** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२३ मा खरीद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बील वा अन्य कुनै विजकको भुक्तानी प्राविधिक नाप जाच गरी नापी कितावमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले एक्र बर्ष भन्दा बढी कार्य सम्पन्न अबधी भएका योजनाहरुको नापी किताब पनि लुज सिटमा राखेको पाइयो । जस्ले गर्दा योजनाको प्रत्येक रनिङ्ग बील अनुसारको भुक्तानी रकम | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | थप भई योजनामा भएको कुल खर्च एवं परीमाण एकै ठाउमा देखिने अवस्था रहेको छैन । तसर्थ एक बर्ष वा सोभन्दा बढी अवधिको लागि संम्झौता भएका योजनाको प्रत्येक रनिङ्ग वील अनुसारको भएको कामको परिमाण एवं खर्च र हालसम्मको अवस्था देखिने गरी हार्ड कपि को रुपमा एकिकृत नापी किताब राख्नु पर्ने देखिन्छ । | |
| ६४. | **कार्यसम्पादन जमानत जफतः** सार्वजनिक खरिद ऐन २०६३ को दफ ५९(७) मा सार्वजानिक निकायसँग खरिद संम्झौता गर्नेले संम्झौता बमोजिम काम शुरु नगरेमा काम शुरु गरी विचैमा छाडेमा वा संम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो संम्झौता जुनसुकै बखत अन्त्य गरी सो काम बापत राखिएको पुरै जमानत जफत गरिने उल्लेख छ । लागत अनुमान रु.४८७९९४८।८७ रहेको महाँकाल मार्ग अनाथालय महाँकाल कोथेखोला सडक निर्माण कार्यको लागि सवै भन्दा घटीवाला निर्माण ब्यवसायी देव एण्ड सन्स निर्माण सेवाको कबोल अंक रु.२५१३१२६।१७ मा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण ब्यवसायि र नगरपालिका बिच मिति २०७६।१०।१५ मा संम्झौता भए अनुरुप उक्त निर्माण कार्य सम्पन्न गर्नुपर्ने अवधि २०७७ जेष्ठ मसान्त सम्म कायम गरिएको थियो । निर्माण ब्यवसायीले मिति २०७७।२।१५ मा रु.१७५२८३५।८६ को प्रथम रनिङ्ग वील पेश गरि ८४९।०७७।३।३१ मा रु.१७५२८३५।८६ भुक्तानी लिएको छ भने त्यसपछि उक्त निर्माण कार्यको अवधि थप गरीएको छैन । त्यसपछि बाँकी कार्य नगरी निर्माण ब्यवसायि सम्पर्कमा समेत नआएकोले निर्माण कार्य अधुरो रहेको कार्यालयको भनाई रहेको छ । संम्झौता बमोजिम कामको प्रगति नगरी निर्माण कार्य अधुरो राख्ने निर्माण सँग संम्झौता अन्त्य गरी निजले पेश गरेको कार्य सम्पादन जमानत रु८३४५५५ जफत गरी ऐनको दफा ५९(९) बमोजिमको प्रकिया अवलम्वन गरी निर्माण कार्य अगाडी बढाउनु पर्ने रु... | ८३४५५५ |
| ६५. | **नमुना विद्यालयः** शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमिद्धारा तयार पारिएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को बुँदा नं. ८.५ मा गत आर्थिक बर्षवाट भौतिक पूर्वाधार निर्माणाधिन रहेको विद्यालयहरुको स्विकृत गुरुयोजनाले तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण कार्यमा खर्च गर्ने प्रयोजनको लागि यस आ.ब. ०७६।७७ मा प्रति विद्यालय रु.१ करोड ५० लाख रकम थप उपलब्ध गराउने र विद्यालय भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरीद नियमावली र विद्यालय खरीद दिग्दर्शन भित्र रही निर्माण कार्य संचालन गर्ने तथा स्थानिय तह र शिक्षा विकास तथा समन्वय ईकाइले भौतिक निर्माण तथा शैक्षिक विकासका नियमित अनुगमन गरी सो को प्रतिवेदन शिक्षा मानव स्रोत विकास केन्द्रमा उपलब्ध गराउनु पर्ने ब्यवस्था छ । नगर कार्यपालिकाको बैठकद्धारा विद्यालयको गुरुयोजना विस्तृत परियोजना प्रतिवेदनको अभाव र महामारी संक्रमण नियन्त्रणको बन्दाबन्दी समेतले ठेक्का ब्यवस्थापन हुन नसकेको र उक्त बजेट फ्रिज पठाउदा नमुना विद्यालयको भौतिक पूर्वाधार अधुरो रहने विषयलाई ध्यानमा राख्दै उक्त बजेट विद्यालययको खातामा पठाई खर्च गर्न नपाउने गरी रोक्का गर्न लेखि पठाउने र आगामी आ ब ०७७।७८ मा उच्च प्राथमिकता दिई कार्यान्वयनमा लैजाने भन्ने निर्णय भए बमोजिम यस आ ब ०७६।७७ मा क्षमावति माबि भिमेश्वर नगरपालिका १ को लागि निकासा भएको १ करोड ५० लाख भौ. नं १७६।०७७।३।२४ मा विद्यालयको खातामा निकासा गरेको छ । यस सम्वन्धमा गत बर्षको प्रतिवेदनमा समेत उल्लेख गरिएकोमा सो उचित कार्यान्वयन नभै रहेको अवस्थामा यस बर्ष पनि निकासा दिइएको तर सोको रककमवाट विद्यालयको भौतिक निर्माण सम्वन्धी कुनै पनि कागजात तथा प्रगति प्रतिवेदन पेश नभएको कारण कार्यक्रम कार्यान्वयन पुस्तिकाको ब्यवस्था एवं सार्वजनिक खरिद ऐन नियमावलि तथा विद्यालय | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | खरिद दिग्दर्शन समेत पालना गरेको पाइएन । निकासा भएको रकमवाट विद्यालयको भौतिक निर्माण कार्य अविलम्व शुरु गरि सोको प्रगति प्रतिवेदन एवं निर्माण सम्वन्धी कागजात पेश हुनुपर्ने रु... | १५००००० |
| | **विपद् व्यवस्थापन** | |
| ६६. | **समिति-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले १९ सदस्यिय समिति गठन भएको पाइयो । ऐनमा तोकिएबमोजिम काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६७. | **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) बमोजिम पालिकाले कार्यक्रमसहीतको कार्ययोजना तयारी गरी लागु गर्नुपर्नेमा सो गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६८. | **कोष —** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.५८६९४५० आम्दानी भई रु. ५२२२२२९ खर्च गरी बाँकी रु. ६४७२२१ देखिन्छ । पालिकाले खर्च मध्ये रु.४४५२८५१ को कोभिड १९ सँग सम्वन्धीत खर्च भुक्तानी गरेको देखिन्छ । पालिकाले कोष खर्चको नियमावलि बनाएको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६९. | **प्रतिवेदन** — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ बमोजिम पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| | **कोभिड १९ सम्बन्धमा** | |
| ७०. | कोभिड १९ विशेष लेखापरिक्षण सँग सम्वन्धीत नगरपालिकाबाट प्राप्त विवरणअनुसार अनुसार २०७७ असार मसान्तसम्म रु.५२ लाख बजेट व्यवस्था भएकोमा रु.४५५२८५१ खर्च भई रु.६४७१४९ बाकी देखिन्छ । ०७७ असोज मसान्तसम्म रु.१० लाख थप बजेट प्राप्त भई मौज्दातनै रहेको देखिन्छ । यस सम्वन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन । | |

| बजेट। आम्दानी | ०७७ असार मसान्त सम्म | ०७७ आश्विन मसान्त सम्म | खर्च शिर्षक | ०७७ असार | ०७७ आश्विन |
|---|---|---|---|---|---|
| स्थानिय तहको आफ्नै बजेट | ४०००००० | ० | क्वारेन्टाईन होल्डिङ सेन्टर ब्यवस्थापन | १२००००० | ० |
| संघिय कोभिड कोषवाट | ० | १०००००० | कोभिड रोकथाम नियन्त्रण तथा उपचार | ३३५२८५९ | ० |
| प्रदेश कोभिड कोषवाट | १२००००० | ० | मौज्दात बाँकी | ६४७१४९ | १०००००० |
| **जम्मा** | ५२००००० | १०००००० | | ५२००००० | १०००००० |

१. नगरपालिकाले ०६।०७७ मा ६२ जना स्वास्थ्यकर्मीहरुलाई कोभिड १९ मा खटिई कार्य गरे वापत रु.९७६४२४ जोखीम भत्ता भुक्तानी खर्च लेखेको पाइयो ।

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>२. नगरपालिकावाट विभिन्न ७ आईटमका रु.९३१३४४ मुल्यका स्वास्थ्य सामाग्री सोझै खरिद भएको र विभिन्न संघ संस्थावाट पि.पि.ई. गमबुट एवं थर्मलगन समेत ९६ थान प्राप्ती भएकोमा २० थर्मलगन तापक्रम सहिमापन नगरेर र अन्य समाग्रीहरु स्वास्थ्य संस्थावाट माग नभएको कारण प्रयोगमा नआएको अवस्था देखियो ।<br>३. नगरपालिकाले केस इन्भेष्टीगेसन तथा कन्ट्रयाक्ट ट्रेसीङ टिम २ गठन भई खोज पड्ताल गरीएका केश संख्या ३३५ र खोज पड्तालबाट पहिचान भएको संक्रमीत संख्या ५२ रहेको विवरण प्राप्त भएको छ ।<br>४. नगरपालिका अन्तर्गत कोभिड डेडिकेटेड अस्पताल स्थापना भएको पाइएन ।<br>५. नगरपालिकामा २ स्थानमा ४० बेडका क्वारेन्टाइन होल्डीङ सेन्टर स्थापना निर्माण खर्च रु.४५५३९७ र संचालन व्यवस्थापनमा रु.२५८६०० खर्च गरेको देखिएको छ । दैनिक रुपमा क्वारेन्टाइन बस्नेको अधिकतम संख्या १३ जना र असार मसान्तसम्म कुल संख्या ६२ देखिएको छ ।<br>६. नगरपालिका अन्तर्गत ३५ बेडको अइसोलेसन केन्द्र स्थापना भएको र सो को व्यवस्थापन संयुक्त विपद ब्यवस्थापन कोषवाट गरीएको पाइयो । नगरपालिकावाट उक्त कोषमा रु. २ लाख कोष संचालनको लागि भुक्तानी भएको छ । उक्त खर्चको विल भर्पाई सम्पुर्ण विपद ब्यवस्थापन कोष बाट संचालित अस्पतालमानै रहेको पाइयो । उक्त संचालन कार्यविधि अनुसार कोषको आलेप भिमेश्वर नगरपालिकालाई तोकिएकोमा सो कोषको आलेप भएको पाइएन ।<br>७. पालिकाबाट क्वारेन्टाईन निर्माणमा विभिन्न १७ किसिमका सामाग्रीहरु खरिद गरी रु.१६९९५० खर्च लेखेको पाइयो ।<br>८. नगरपालिकाबाट ६ सदस्यिय केश अनुसन्धान टिम परीचालन गरी ३३५ केश अनुसन्धान १८५ ब्यक्तिहरुको पहिचान परामर्श र नमुना संकलन गरेको विवरणवाट देखिएको छ ।<br>९. विभिन्न संघ संस्थावाट रु. ८३२००० बरावरको माक्स र साबुन राहत सामाग्री प्राप्त भएकोमा १०२५५ घर र १०२५५ जनालाई बडामार्फत वितरण गरेको देखियो ।</td><td></td></tr>
<tr><td>७१.</td><td>स्थानीय र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम- स्थानीय र प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार १० परियोजना सञ्चालनको लागि बजेट प्राप्ती एवं खर्च भएको पाइयो । नगरपालिकाले प्रगति विवरण तयार नगरेकोले भौतिक प्रगति एकिन गर्न सकिएन ।
<table>
<tr><th>आयोजनाको प्रकार</th><th>आयोजना को संख्या</th><th>बजेट रकम</th><th>खर्च रकम</th><th>वित्तीय प्रगति प्रतिशत</th><th>भौतिक प्रगति प्रतिशत</th></tr>
<tr><td>स्थानिय पूर्वाधार विकास कार्यक्रम</td><td>५</td><td>७८०००००</td><td>७४८७८१३</td><td>९५.९९</td><td>नखुलेको</td></tr>
<tr><td>प्रदेश पूर्वाधार विकास कार्यक्रम</td><td>५</td><td>८८८७०००</td><td>८८८७०००</td><td>१००</td><td>नखुलेको</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>उल्लेखित १० आयोजना मध्ये १० वटै योजनाहरु उपभोक्ता समिति मार्फत कार्य भएको देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित योजनामा हेभि इक्युपमेन्ट प्रयोग गरेको, प्राविधिक पक्ष समेतको भएका जटील संरचना निर्माण गरेको, सम्पन्न योजनाहरुको मर्मत संम्भारको व्यवस्था</td><td></td></tr>
</table>

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरेको जस्ता कार्यहरु भएको देखिन्छ । जुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ विपरीत देखिन्छ । | |
| | **स्वास्थ्य तर्फ** | |
| ७२. | **औषधिको लोगो—** नगरपालिकाले खरिद गरेका औषधिहरूमा "नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी" भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ । नगरपालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो । | |

| सि.न | औषधिको नाम | म्याद समाप्त हुने मिति | निशुल्क वितरणको लोगो |
|---|---|---|---|
| १ | Chiloramin (4 mg) | Apr 2021 | नभएको |
| २ | Vitamin b complex | Apr 2022 | नभएको |
| ३ | paracetamol (500 mg) | Feb 2023 | नभएको |
| ४ | Ibuprofen (400 mg) | Apr 2023 | नभएको |
| ५ | Amoxycllun (500 mg) | Aug 2022 | supply only |
| ६ | Nletronidanole (400 mg) | March 2023 | Free distribution only |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७२.१. | **म्याद समाप्त औषधिः** लेखापरिक्षणलाई प्राप्त विवरण अनुसार आ.ब. ०७६/०७७ मा विभिन्न ५ प्रकारका मुल्य न खुलेको २६८ अइटमको खरिद तथा हस्तान्तरण भई अएका औषधिहरु म्याद भित्र वितरण गरी अवधि समाप्त भएको पाइयो । म्याद भित्र औषाधि वितरण नगर्दा एकातर्फ लाभग्राही सेवावाट बन्चीत हुन जाने र अर्को तर्फ पालीकाको थप आर्थीक नोक्सानी ब्योहोर्नुपर्ने अवस्था देखिन्छ । अत औषधिहरु म्यादिभित्र वितरण गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७२.२. | **नम्समा एकरुपता नभएकोः** कार्यक्रम संचालन गर्दा स्पष्ट नम्र्स मापदण्ड निर्धारण गर्नुपर्दछ ।पालिकाले स्वास्थ्य अन्तर्गतको कार्यक्रम संचालन गर्दा यातायात खर्चमा कुनैमा रु ३००।०० कुनैमा १५० र कसनैमा २०० प्रतिदिन, केही कार्यक्रममा रु ७००।०० प्रतिदिन र केही कार्यक्रममा रु १०००।०० प्रतिदिनका दरले भुक्तानी गरेको दखिन्छ । कार्यक्रम संचालन तथा यातायात खर्च भुक्तानीको नम्र्स स्पष्ट रुपमा निर्धारण गर्नुपर्दछ । | |
| | **शिक्षा तर्फः** | |
| ७३. | **बिद्यालयहरुको लेखापरीक्षणः** नगरपालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्दछ । नगरपालिकाले ४३ विद्यालयहरुका लागि रु.२१६९३४८९० विनियोजन गरि निकासा खर्च गरेको छ।गाउँपालिकाले आ.व. २०७६।०७७ को अन्तिम लेखापरीक्षण अवधिसम्म लेखापरीक्षण गराएका विद्यालयको विवरण प्राप्त गरेको देखिएन । बिद्यालयहरुको लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी गाउँपालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ । | |
| ७३.१. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| सि. नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | १ | क्षमावती मावि क्षमावती | १७ | १५ | २ | ३६३ | |
| | २ | सुन्द्रावती आवि दामाराङ | ७ | ६ | १ | ११० | |
| | ३ | लामानागी आवि लामानागी | ८ | ४ | ४ | १५८ | |
| | ४ | मानेडाँडा प्रावि गैरास्वाँरा | ३ | १ | २ | ४७ | |
| | ५ | भुमेश्वरी प्रावि फेदी | २ | २ | ० | २४ | |
| | ६ | बुद्ध प्रावि बाटाखर्क | २ | २ | ० | २८ | |
| | ७ | महादेवस्थान प्रावि डाँडाथोक | २ | २ | ० | ७३ | |
| | ८ | बोसिम्पा प्रावि बोसिम्पा | २ | २ | ० | १५ | |
| | ९ | राजकुलेश्वर आवि तल्लोटोल | ८ | ५ | ३ | १११ | |
| | १० | भीम मावि सुन्टोवर | १८ | १६ | २ | ३१२ | |
| | ११ | फुलपा प्रावि फुलपा | ४ | ३ | १ | ४९ | |
| | १२ | त्रिपुरासुन्दरी आवि राम्पा | ६ | ४ | २ | ११५ | |
| | १३ | बालमन्दिर प्रावि डोकुलुङ्गा | २ | २ | ० | ३८ | |
| | १४ | तिखातल प्रावि तिखाताल | ४ | ४ | ० | ५७ | |
| | १५ | चुलिडाँडा प्रावि नेगल | १ | १ | ० | ९ | |
| | १६ | कालिञ्चोक मावि चरिकोट | ३० | २२ | ८ | ७८६ | |
| | १७ | पशुपतिकन्या मन्दिर मावि पशुपतिचोक | १९ | १८ | १ | ४१४ | |
| | १८ | भिमेश्वर वहिरा प्रावि | ३ | ० | ३ | ६३ | |
| | १९ | सेतिदेबी प्रावि जिलू बगैंचा | २ | २ | ० | १५ | |
| | २० | चेतनंशील प्रावि जिलू पिप्ले | २ | २ | ० | १६ | |
| | २१ | सर्व मावि जिलु ठूलीस्वाँरा | २२ | ११ | ११ | १८४ | |
| | २२ | वुढाभिमसेन मावि धरमधर | १४ | ५ | ९ | १४९ | |
| | २३ | महेन्द्रोदय मावि माटी | १६ | १२ | ४ | १५३ | |
| | २४ | विसुन्टोल आवि मथानी | ३ | ३ | ० | २२ | |
| | २५ | माथिल्लोमाटी प्रावि सिरानमाटी | २ | ० | २ | २४ | |
| | २६ | महाङ्काल प्रावि चोथाङ्ग | ४ | ४ | ० | ४३ | |
| | २७ | कलिञ्चोक बाविके | ० | ० | ० | ३५ | |
| | २८ | वीरेन्द्र प्रावि उखुबारी | ३ | ३ | ० | ३५ | |
| | २९ | साखिने आवि दामूना | ५ | ४ | १ | ५४ | |
| | ३० | कुटीडाँडा मावि मकैबारी | २३ | १३ | १० | ४४१ | |
| | ३१ | कुप्रिडाँडा आवि कुप्री | ४ | ३ | १ | ६४ | |
| | ३२ | हरिकिर्तन आवि फल्कुधनि | ६ | ५ | १ | ७५ | |
| | ३३ | सेतीदेवी आवि काउले | ७ | २ | ५ | १०४ | |
| | ३४ | देवी मावि सिरुपातेडाँडा | १५ | १० | ५ | ३२९ | |
| | ३५ | लामिडाँडा प्रावि लामिडाँडा | ३ | २ | १ | ४४ | |
| | ३६ | पृथ्वीनारायण आवि ठूलीनागी | १० | ७ | ३ | २६ | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|---|
| | ३७ | लाँकुरीडाँडा प्राविं सुर्के भुमरेडाँडा | २ | १ | १ | १७ | |
| | ३८ | बुद्ध प्रावि झाँकीचौर | ३ | २ | १ | ४० | |
| | ३९ | सुर्के मावि भण्डारे डाँडागाउँ | १४ | ९ | ५ | २३९ | |
| | ४० | नारीजागरण प्रावि चौतारागाउँ | २ | ० | २ | १३ | |
| | ४१ | कालिदेबी प्रावि झिंगान | ३ | १ | २ | ३८ | |
| | ४२ | सेतिदेबी प्रावि भण्डारे | ३ | १ | २ | ७० | |
| | ४३ | सुर्के मावि खरिढु++गा | १८ | १३ | ५ | २९९ | |
| | | | ३२४ | २२४ | १०० | ५३०१ | |

७३.२. **विद्यालयको संख्याः** नगरपालिका शिक्षा नियमावली, २०७४ अनुसार पूर्वाधार नभएको, विद्यार्थी संख्या कम रहेका, दु्ई वा दु्ई भन्दा बढी विद्यालयको परीसर एक आपसमा जोडिएको, दु्ई वा सो भन्दा बढी विद्यालय बीचको पैदल दुरी ३० मिनेट भन्दा कम रहेको र दु्ई वा सो भन्दा बढी विद्यालयको व्यवस्थापन समितिले विद्यालय गाभ्न संयुक्त निवेदन दिएकोमा विद्यालय गाभ्न सक्ने व्यवस्था छ । लेखापरीक्षणको लागि गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार नगरपालिका अन्तगरगतका ४३ विद्यालय मध्ये देहायका विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखियो । यसरी विद्यार्थी संख्या २० जना भन्दा कम रहेका विद्यालयमा शिक्षक, कर्मचारी तलब र प्रशासनिक खर्च बापत आ.व. २०७६।०७७ मा देहाय बमोजिम रकम परिक्षा संचालनको अधारमा निकासा भएको छ ।न्यून विद्यार्थी संख्या रहेको विद्यालयलाई नगरपालिकाले सुविस्थाका आधारमा विद्यालय संख्या गाभ्ने व्यवस्था गर्नुपर्दछ ।

| सि.नं | विद्यालयको नाम | संचालित कक्षा | विद्यार्थी | शिक्षक | बाल सहयोगि | कर्मचारी | निकासा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | भुमेश्वरी प्रावि फेदी | ०-३ | २४ | २ | १ | १ | १०७४१५३ |
| २ | बुद्ध प्रावि बाटाखर्क | ०-३ | २८ | २ | १ | १ | ११००८४८ |
| ३ | महादेवस्थान प्रावि डाँडाथोक | ०-३ | ७३ | २ | १ | १ | ११४७०६५ |
| ४ | बोसिम्पा प्रावि बोसिम्पा | १-३ | १५ | २ | ० | १ | ८९३५७८ |
| ५ | बालमन्दिर प्रावि डोकुलुङ्गा | ०-३ | ३८ | २ | १ | १ | ११३७३९७ |
| ६ | चुलिडाँडा प्रावि नेगल | ०-३ | ९ | १ | १ | १ | ५५१७२३ |
| | | जम्मा | १८७ | ११ | ५ | ६ | |

यस पालिकामा ४३ विद्यालयहरु संचालनमा रहेकोमा ३२४ शिक्षक दरबन्दीमा २२४ पदपुर्ति भएको र पदपुर्तिमध्ये १०० शिक्षक करारमा रहेको देखियो । ति विद्यालयहरुमा EMIS अभलेख अनुसार कुल विद्यार्थी सख्या ५३०१ रहेको देखियो ।

७३.३. **अभिलेख ः** गाउँपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्दा नगरपालिकाले दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी व्यवस्थित रुपमा राख्नुपर्दछ ।

७३.४. **विद्यालयको तलब भत्ता निकासाः** लेखापरीक्षणलाई प्राप्त विवरण र सो को नमुना छनौटका आधारमा परीक्षण अनुसांर नगरपालिकाले विद्यालयहरुको चौमासिक तलब भत्ता निकासा गर्दा विद्यालयले

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | माग कम गरेको एवं भत्ता पोषाक ग्रेड नमानगेको अवस्थामा समेत पालिकावाट एकिन गरी थप गरेर चौमासिक निकासा गरेको देखिन्छ । यस्तो छुट तलब तथा ग्रेड ३६ विद्यालयहरुको प्रथप दोश्रो र तेश्रो निकासमारु२७२६८९९ हिसाव गरी निकासा खर्च लेखेको छ । यस्तो निकसा खर्चको अभिलेख दुरुस्त राखेको पाइएन । | |
| ७३.५. | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता** – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.९००००० तलब भत्ता भुक्तानी गरेको देखिन्छ । | |

| सि.न. | विद्यालयको नाम | रकम | भौ. न. |
|---|---|---|---|
| १ | महांकाल मावि | ४००००० | ८८ |
| २ | सुस्मा क्षमावति मावि | ५००००० | ४६७ |
| | जम्मा | ९००००० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७४. | **ब्याक हो लोडर संचालन** ः खरीद भएका मेसिनरी उद्देश्य वमोजिम संचालन गर्नु पर्दछ । पालिकाबाट एक ब्याक हो लोडर खरिद गरि गत विगत देखिनै संचालनमा रहेको पाइयो । उक्त लोडर संचालन गर्न ब्याक हो लोडर (जे.सि.बि) संचालन सम्बन्धि कार्यविधि र कार्यपालिकाको निर्णय रहेको छ । उक्त लोडर संचालन गर्दा कार्यविधि बमोजिम संचालन गरी जे.सि.बि संचालन कोषको अलग आयव्यय तयार गरी लेखापरीक्षण गराउने र मर्मत, इन्धन, इन्सुरेन्स र चालक खर्च जस्ता व्यवस्थापन खर्च तथा मेसिन प्रतिस्थापन समेत हुने गरी संचालन गर्ने व्यवस्था मिलाउनु पर्दछ । | |
| ७५. | **पेश्की:** नगरपालिकाले पेश गरेको वित्तिय प्रतिवेदन मलेप फा नं२७२ को अनुसुचि २३ र सो को अभिलेख अनुसार नगरपालिकाको कुल हालसम्मको पेश्की बाँकी रु.२९७०६०४० देखिएको छ । उक्त बाँकी पेश्की मध्ये गत विगत बर्षको रु.७००२०४० र चालु आ ब को रु.२२७०४००० देखिन्छ । मिति २०७७।१०।९ बाट लागु भएको अर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५२ वमोजिम म्याद ननाघेको चालु आ ब देहाय बमोजिमको फछ्यौट हुन बाँकी मोबिलाइजेसन पेश्की रु.२२७०४००० देखिन्छ । | |

| क्र.सं. | प्रकार | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | संस्थागत | माता मनकामना विल्डर्स | १३५०००० |
| २ | संस्थागत | श्याम सुन्दर /अविसा जे. भि. बानेश्वर | ११३५४००० |
| ३ | संस्थागत | किरातेश्वर सिमपानी जे. भि. दोलखा | १००००००० |
| | | जम्मा | २२७०४००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७६. | **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश हुन आएन । | |

## भिमेश्वर नगरपालिकाको संचितकोषको विवरण

**२०७६।०७७**

अनुसुचि १

प्रदेश: बागमती

(रु हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | | जम्मा आय | ब्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | भिमेश्वर नगरपालिका | दोलखा | १७१५३२ | ४७८६६३ | ८९६२३ | १९९९१ | २२५९४७ | ८१४२२४ | ५३६५७४ | ३२४९८२ | १६४० | ८६३१९६ | १२२५६० |

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुचि २

**२०७६।७७**

(रु हजारमा)

| सि. नं. | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाकी बेरुजू | | | बाकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | दोलखा | भिमेश्वर नगरपालिका | ८४ | ३१ | ५७८९१ | ० | १५ | २३२१३ | ८४ | १६ | ३४६७८ | १४९९ | ११६३० | २१५४९ | ० | ० | ३३१७९ | ० | ० | ० |

## अद्यावधिक वेरुजू स्थिति

अनुसुचि ३

(रु हजारमा)

| क स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमेश्वर नगरपालिका | दोलखा | ७७१२८ | ० | ७७१२८ | ० | ३४६७८ | १११८०६ |